वर्ष : १६ | अंक : १

२०८३ साउन | 2026 July.-Aug.

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

राष्ट्रिय मासिक



संगीतको सफल यात्रामा प्राश्ना



## दीपमालाको ताज

## विश्वका नेपालीको गौरव

www.jbbl.com.np

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
*More than a Bank*

परिवर्तनको ज्योति

# ज्योति घर कर्जा

# Fixed Interest Rate



सर्तहरु लागु हुनेछ।

**FIXED RATE**
**८.४९%**

# आफ्नै घर, अब छैन टाढा

८०% सम्म फाइनान्सिङ्को सुविधा

## ७ वर्षको लागि स्थिर ब्याजदर

यो स्किम सिमित अवधि / रकम सिमाको लागि मात्र उपलब्ध छ

# यसभित्र




६ आवरण

## दीपमालाको ताज :
## विश्वका नेपालीको गौरव

हङकङ निवासी दीपमाला ढकालले 'मिस नेपाल २०२६'को ताज जितेकी छिन् । उनको यो जितलाई केवल एउटा सौन्दर्य प्रतियोगिताको उपाधिमा सीमित गरेर मात्र होइन यो सफलता विश्वभर छरिएका नेपालीको साझा गौरव, नेपाली पहिचानको अन्तर्राष्ट्रिय विस्तार तथा दोस्रो पुस्तालाई नेपालसँग जोड्ने अभियानको महत्वपूर्ण उपलब्धि हो ।






१२ साउदी अरेबिया सीप परीक्षण विवाद





२६ चौतारी

फेसबुकका ज्वाइँ

युवराज नयाँघरे





२८ अनुभूति

अझै नचिन्ने भए तिनले

शम्भु सुस्केरा





१४ युवालाई स्वदेशमै रोक्ने सरकारको योजना





१५ जनजीवन

मेलम्चीजस्तै रसिला माधव !

● बिन्दु अधिकारी ढकाल






१८ राष्ट्रपतिदेखि मन्त्रीसम्म एनआरएनएको उच्चस्तरीय पहल





30 मनोरञ्जन

स्वर, साधना र सफलताको यात्रामा प्राश्ना शाक्य

# सम्पादकीय

# तराईबाट उठेको **एकताको सन्देश**

नेपाल विविध जाति, भाषा, धर्म र संस्कृतिको अनुपम संगम हो। यही विविधताभित्रको सहअस्तित्व, पारस्परिक सम्मान र राष्ट्रिय एकताले हाम्रो पहिचान निर्माण गरेको छ। तर पछिल्ला दिनमा सुनसरीलगायत तराई–मधेसका केही क्षेत्रमा देखिएको तनाव, आन्दोलन र हिंसात्मक घटनाले फेरि एकपटक हाम्रो सामाजिक सद्भाव र राष्ट्रिय एकताको संवेदनशीलतालाई उजागर गरेको छ। लोकतन्त्रमा आन्दोलन नागरिकको अधिकार हो, तर आन्दोलनको आवरणमा धार्मिक असहिष्णुता, सामाजिक विभाजन वा साम्प्रदायिक द्वन्द्वलाई प्रश्रय दिनु कुनै पनि सभ्य समाजका लागि स्वीकार्य हुन सक्दैन।

नेपालले दशकौँ लामो द्वन्द्व, राजनीतिक संक्रमण र अस्थिरताको मूल्य चुकाइसकेको छ। इतिहासले हामीलाई सिकाएको सबैभन्दा ठूलो पाठ भनेको हिंसाले घाउ मात्र दिन्छ, समाधान दिँदैन भन्ने नै हो। दिगो शान्तिको आधार संवाद, सहमति, न्याय र आपसी विश्वासमै निहित हुन्छ। त्यसैले आज तराई–मधेसमा देखिएको असन्तुष्टिलाई केवल सुरक्षा चुनौतीका रूपमा होइन, सामाजिक विश्वास पुनर्निर्माण गर्ने अवसरका रूपमा पनि लिनुपर्छ।

पछिल्ला घटनापछि सरकारले शान्ति–सुरक्षा सुदृढ गर्ने, दोषीमाथि अनुसन्धान अघि बढाउने तथा स्थानीय प्रशासनलाई सक्रिय बनाउने कदम चालेको छ। शान्ति कायम गर्नु राज्यको पहिलो दायित्व हो। तर त्यतिमै राज्यको जिम्मेवारी पूरा हुँदैन। आन्दोलनका कारण, स्थानीय नागरिकका गुनासा र असन्तुष्टिका जरा पहिचान गरी संवादमार्फत समाधान खोज्नु अझ महत्वपूर्ण दायित्व हो। केवल बल प्रयोग वा अस्थायी नियन्त्रणले समस्या केही समय थामिएला, तर स्थायी समाधान संवाद, निष्पक्ष अनुसन्धान, न्यायपूर्ण निर्णय र सबै पक्षलाई विश्वासमा लिने राजनीतिक इच्छाशक्तिबाट मात्र सम्भव हुन्छ।

दीर्घकालीन समाधानको आधार समावेशी शासन, समान अवसर, कानुनी शासन र सबै समुदायप्रतिको समान सम्मान हो। कुनै पनि धर्म, जाति वा समुदायलाई एकअर्काको प्रतिद्वन्द्वीका रूपमा उभ्याउने प्रवृत्तिले राष्ट्रलाई कमजोर बनाउँछ। नेपालका हिन्दू, मुस्लिम, बौद्ध, किराँत, इसाईलगायत सबै समुदायले शताब्दीयौँदेखि सहिष्णुता र सहअस्तित्वको अनुपम उदाहरण प्रस्तुत गर्दै आएका छन्। यही धार्मिक सहिष्णुता हाम्रो सभ्यता र राष्ट्रिय सम्पत्ति हो। यसलाई कुनै पनि अफवाह, उत्तेजना वा राजनीतिक स्वार्थको शिकार बन्न दिनु हुँदैन।

आजको अर्को महत्वपूर्ण दायित्व आम नागरिकको पनि हो। सामाजिक सञ्जालमा फैलाइने अपुष्ट सूचना, घृणा फैलाउने अभिव्यक्ति र साम्प्रदायिक उत्तेजनालाई निरुत्साहित गर्नु प्रत्येक जिम्मेवार नागरिकको कर्तव्य हो। डिजिटल युगमा सत्यभन्दा अफवाह तीव्र गतिमा फैलिन्छ। त्यसैले संयमता, तथ्यको पुष्टि र जिम्मेवार अभिव्यक्तिले मात्र समाजलाई सही दिशातर्फ डोर्याउन सक्छ।

त्यसैगरी राजनीतिक दलहरूले क्षणिक राजनीतिक लाभका लागि समाजलाई विभाजित गर्ने होइन, राष्ट्रिय एकताको पक्षमा दृढतापूर्वक उभिनुपर्छ। मतभेद लोकतन्त्रको स्वाभाविक पक्ष हो, तर राष्ट्रको शान्ति, सामाजिक सद्भाव र राष्ट्रिय अखण्डताको सवालमा सबै राजनीतिक शक्ति एउटै स्वरमा बोल्न सक्नुपर्छ। नेतृत्वको वास्तविक परिपक्वता संकटका यस्तै क्षणमा मापन हुन्छ। शान्ति बिना विकास सम्भव छैन, सद्भाव बिना समृद्धि सम्भव छैन, र एकता बिना राष्ट्र बलियो हुन सक्दैन। त्यसैले आजको सबैभन्दा ठूलो जिम्मेवारी विभाजनका आवाज होइन, एकताको सन्देशलाई बलियो बनाउनु हो। अन्ततः नेपालको सबैभन्दा ठूलो शक्ति भनेकै 'एकता' हो।


**रोजगार मिडिया प्रा.लि.**

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHARAROJGAR

• वर्ष १६ • अंक १ • २०८३ साउन



**सल्लाहकार**
शंकर खनाल

**सल्लाहकार सम्पादक**
युवराज नयाँघरे

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह–सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**संयोजक**
हेमन्त गौतम

**बजार प्रतिनिधि**
सविन विश्वकर्मा

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हरिराम पौडेल

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
वरिष्ठ अधिवक्ता देवराज कटुवाल



**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८५१०९२६९६, ९८६३४९७१९१
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com




# पाठक पत्र

## दलालको जालमा फस्दै नेपाली सपना

'बाल्कन रूट' सम्बन्धी समाचारले वैदेशिक रोजगारीको डरलाग्दो यथार्थ उजागर गरेको छ। उज्ज्वल भविष्यको आशामा मानव तस्कर को जालमा फसेर नेपाली युवा अमानवीय यात्रा गर्न बाध्य हुनु दुःखद विषय हो। यस्तो अवस्थाको अन्त्यका लागि सरकारलगायत सबै मिलेर युवामा सही सूचना पुर्‍याउन, वैध रोजगारीका अवसरबारे सचेतना फैलाउन र मानव तस्करीमा संलग्न गिरोहमाथि कानुनी कारबाही गर्न ढिलाइ गर्नु हुँदैन। युवाको सपना सुरक्षित बाटोबाट मात्र पूरा हुन सक्छ।

*- राजन खतिवडा, काठमाडौं*

'बाल्कन मार्ग' हुँदै युरोप पुग्ने नेपालीहरूबारेको रिपोर्टले मन निकै दुखायो। लाखौं रुपैयाँ खर्च, ज्यान जोखिममा राखेलेर अवैध बाटो रोज्ने प्रवृत्ति बढ्दो छ। तर अन्त्यमा पाउने भनेको दुःख, असुरक्षा र अनिश्चित भविष्य मात्र रहेछ। सरकारले सुरक्षित वैदेशिक रोजगारी बारे प्रभावकारी सूचना प्रवाह, मानव तस्करमाथि कडा कारबाही र वैध रोजगारीका अवसर विस्तारमा विशेष ध्यान दिन जरुरी देखिन्छ।

*- उषा कार्की, विराटनगर*

## प्रविधिसँगै परम्परागत सीपको पनि संरक्षण



'सम्वतलाल'को प्रेरणादायी सामग्री पढेपछि परम्परागत सीप र श्रमप्रतिको सम्मान अझ बढेको छ। दशकौँदेखि आफ्नो कला र मेहनतले परिवार तथा समाजलाई योगदान दिएका एक कर्मशील नागरिक प्रविधिको तीव्र विकाससँगै आफ्नो व्यवसाय संकटमा परेको बताइरहनु भएको छ। यो केवल एक व्यक्तिको कथा होइन, परम्परागत सीपमा निर्भर हजारौँ श्रमिकको साझा पीडा हो। प्रविधिलाई रोक्न सकिँदैन, तर त्यससँगै परम्परागत सीप भएका नागरिकलाई नयाँ प्रविधिसँग जोड्ने तालिम, सहुलियत र संरक्षणको नीति आवश्यक छ। सम्वतलालजस्ता मेहनती व्यक्तिहरू राष्ट्रका सम्पत्ति हुन्। उनीहरूको अनुभव, कला र योगदानको सम्मान गर्दै राज्यले समयअनुकूल रूपान्तरणका अवसर सिर्जना गर्न सके मात्रै विकासले सही अर्थ पाउनेछ।

*- करुणा पाठक, कतार*

## प्रतिबद्धता होइन, परिणाम चाहन्छन् नागरिक

राजनीतिक होडबाजी त्यागेर अलपत्र विकास आयोजना पूरा गर्ने सरकारको घोषणा सकारात्मक छ। सरकार फेरिँदा पुराना योजना ओझेलमा पर्ने र नयाँ योजना मात्र प्राथमिकतामा पर्ने प्रवृत्तिले देशको विकास र जनताको करबाट संकलित अर्बौं रुपैयाँ प्रभावित भएको छ।

सरकारले घोषणा गरेअनुसार अधुरा आयोजना समयमै सम्पन्न गर्ने, निजी क्षेत्रको मनोबल बढाउने र उत्पादन तथा रोजगारी सिर्जनामा जोड दिने नीति व्यवहारमा कार्यान्वयन गर्न सके त्यसले अर्थतन्त्रलाई नयाँ गति दिन सक्छ। तर, नागरिकले अब भाषण र प्रतिबद्धता होइन, समयमै सम्पन्न भएका आयोजना र देखिने परिणामको अपेक्षा गरेका छन्। त्यसैले सरकारले राजनीतिक लाभभन्दा राष्ट्रिय हितलाई प्राथमिकता दिँदै आफ्नो वचन व्यवहारमा उतार्नुपर्ने बेला आएको छ।

*-रामहरी खतिवडा, पोखरा*

## विदेशी सपनाका लागि बेचिँदै जीवनको आधार



सन्तानको उज्ज्वल भविष्यका लागि अभिभावकले आफ्नो जीवनभरको एकमात्र सम्पत्ति बेच्नसम्म बाध्य हुनु अत्यन्त पीडादायी अवस्था हो। अवसरको खोजीमा विदेशिने चाहना स्वाभाविक भए पनि त्यसका लागि घरबार नै बेच्नुपर्ने परिस्थिति गम्भीर चिन्ताको विषय हो। युवालाई स्वदेशमै गुणस्तरीय शिक्षा, रोजगारी र भविष्यको भरोसा दिलाउन नसक्दा 'खल्तीमा लालपुर्जा' लेखका धर्मानन्दजस्ता हजारौँ अभिभावक लालपूर्जा बोकेर ऋण र ग्राहक खोज्दै भौँतारिन बाध्य छन्। यस्तो अवस्था परिवर्तन गर्न सरकारले शिक्षा, रोजगारी र सहुलियतपूर्ण शैक्षिक कर्जाको व्यवस्था प्रभावकारी बनाउन ढिलाइ गर्नु हुँदैन। सन्तानको सपना पूरा गर्ने नाममा परिवारको अन्तिम आधार नै बेच्नुपर्ने अवस्था अब दोहोरिनु हुँदैन।

*- दिपक साउद, मलेसिया*

## गजल



● जेके तिम्सिना

पोखेर रगत कसरी रमाउँछन मान्छेहरू,
कहिलेसम्म हतियार बनाउँछन मान्छेहरू।

रित्याएर काख अनि पुछेर सिन्दुर अरुको,
कसरी धर्म संस्कृति जोगाउँछन मान्छेहरू।

चिन्दैन मालिक खुकुरीले रणभूमिमा,
देखाएर तुजुक खै के पाउँछन मान्छेहरू।

रुँदैछन् जङ्गे पिल्लर सम्झिएर इतिहास,
आ-आफ्नै लडेर के बचाउँछन मान्छेहरू।

फेरि ढल्यो रे एउटा बेरोजगार सडकमा,
सहिद बेचेर सरकार चलाउँछन मान्छेहरू॥




> दीपमाला ढकालको यो जितलाई केवल एउटा सौन्दर्य प्रतियोगिताको उपाधिमा सीमित गरेर मात्र होइन यो सफलता विश्वभर छरिएका नेपालीको साझा गौरव, नेपाली पहिचानको अन्तर्राष्ट्रिय विस्तार तथा दोस्रो पुस्तालाई नेपालसँग जोड्ने अभियानको महत्वपूर्ण उपलब्धि हो ।

# दीपमालाको ताज : विश्वका नेपालीको गौरव

• अर्थ र रोजगार

सन् २०२६ को मिस नेपालको ग्रान्ड फिनालेमा दीपमाला ढकालको शिरमा ताज सजिँदा त्यो क्षण केवल एउटा सौन्दर्य प्रतियागिताको विजेता घोषणा भएको क्षण थिएन । त्यो विश्वभर छरिएर रहेका लाखौं गैरआवासीय नेपाली (एनआरएन)ले आफ्नै छोरीको सफलतामा गर्व गर्ने ऐतिहासिक क्षण थियो । नेपाल बाहिर जन्मिएको वा हुर्किएको नेपाली मूलको युवापुस्ताले नेपालको सबैभन्दा प्रतिष्ठित राष्ट्रिय सौन्दर्य प्रतियोगिताको उपाधि जित्नु आफैंमा एउटा इतिहास थियो ।

यही कारण दीपमालाको सफलताले नेपालभित्र मात्रै होइन, अमेरिका, क्यानडा, बेलायत, अष्ट्रेलिया, जापान, दक्षिण कोरिया, हङकङ, यूएई, कतार, साउदी अरब, मलेसिया लगायत विश्वभर रहेका नेपाली समुदायमा उत्साह र खुसीको लहर सिर्जना गऱ्यो । सामाजिक सञ्जाल बधाई सन्देशले भरियो, नेपाली समुदायका विभिन्न संस्थाले उनलाई शुभकामना दिए र धेरैले यसलाई ‘विश्वभर रहेका नेपालीको साझा उपलब्धी’ का रूपमा व्याख्या गरे ।

दीपमाला ढकाल अहिले गैरआवासीय

नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्को वर्तमान कार्यसमितिमा दोस्रो पुस्ताको (सेकेण्ड जेनेरेशन) संयोजकको जिम्मेवारीमा छिन् । नेपाल बाहिर जन्मिएका वा हुर्किएका नेपाली मूलका युवायुवतीलाई आफ्नो भाषा, संस्कृति, पहिचान र मातृभूमिसँग जोड्ने अभियानको नेतृत्व गरिरहेकी दीपमालाले मिस नेपालको उपाधि जित्नु एउटा संयोग मात्र होइन, विदेशमा जन्मिए पनि नेपालीपन जिउँदो रहन्छ भन्ने एउटा सशक्त सन्देश पनि दिएको छ ।

**उपाधि जित्ने पहिलो गैरआवासीय नेपाली**

दीपमालाले केवल मिस नेपालको मुख्य उपाधि जितेर मात्र इतिहास रचिनन्, उनले एकैपटक अन्य विभिन्न नयाँ कीर्तिमान पनि स्थापित गरिन् ।

उनी मिस नेपालको उपाधि जित्ने पहिलो गैरआवासीय नेपालीसँगै मिस नेपाल हङकङ (डायस्पोरा)बाट मुख्य उपाधिसम्म पुग्ने पहिलो प्रतियोगी बनिन । साथै, एउटै संस्करणमा चार सहविधा जित्ने पहिलो प्रतिस्पर्धीको कीर्तिमानसमेत आफ्नो नाममा लेखाइन ।

उनले मिस भिजनरी ग्रीन, मिस हेल्थ हार्मोनी, मिस कन्फिडेन्स् र ब्युटी विथ पर्पस जस्ता प्रतिष्ठित उपविधा जित्दै आफू केवल सुन्दर अनुहार मात्र नभई नेतृत्व क्षमता, सामाजिक उत्तरदायित्व, आत्मविश्वास र दूरदृष्टिले भरिएकी व्यक्तित्व भएको प्रमाणित गरिन ।

अब उनी आगामी मिस वर्ल्ड प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने तयारीमा लाग्नेछिन् । यसले उनको व्यक्तिगत यात्रालाई मात्रै होइन, नेपाली डायस्पोराको प्रतिनिधित्वलाई समेत विश्वमञ्चमा पुऱ्याउने अवसर दिएको छ ।

**आमाको अधुरो सपना, छोरीको ऐतिहासिक सफलता**

दीपमालाको यात्रामा अर्को अत्यन्त भावुक अध्याय पनि जोडिएको छ । उनकी आमा रोशनी ढकालले सन् १९९४ मा मिस नेपाल प्रतियोगितामा सहभागिता जनाएकी थिइन । त्यो समय पूरा हुन नसकेको सपना करिब तीन दशकपछि छोरीले पूरा गरिन ।

एउटा पुस्ताले देखेको सपना अर्को पुस्ताले पूरा गर्नु केवल पारिवारिक उपलब्धि होइन, पुस्तान्तरण हुँदै आएको आत्मविश्वास, संघर्ष र नेपाली पहिचानको निरन्तरता पनि हो । यही कारण धेरैले दीपमालाको सफलतालाई 'आमाको सपना, छोरीको इतिहास' भनेर व्याख्या गरेका छन् ।

आमा रोशनी भन्छिन्- 'मेरो सपना आज छोरीले पुरा गरेकी छिन्, हामी अत्यन्तै खुशी छौं, यो मेरो मात्र होइन आम नेपाली र विदेशमा बस्ने नेपालीको पनि खुशी हो ।'

**दोस्रो पुस्ताको प्रतिनिधित्व : केवल पद होइन, जिम्मेवारी पनि**

एनआरएनएले विदेशमा जन्मिएका वा सानै उमेरमा विदेश पुगेका नेपाली मूलका युवालाई 'दोस्रो पुस्ता' का रूपमा परिभाषित गर्दै आएको छ । एनआरएनएको वर्तमान कार्यसमितिले यो पटकदेखि एनआरएनएमा सेकेण्ड जेनेरेशन डिपार्टमेण्ड नै स्थापना गरेर दोश्रो पुस्तालाई एनआरएनएमा जोड्न थालेको छ ।

> दीपमालाको सफलताले डायस्पोरामा रहेका अभिभावकलाई पनि एउटा सकारात्मक सन्देश दिएको छ–आफ्ना सन्तानलाई नेपाली भाषा, संस्कृति र इतिहाससँग जोडेर हुर्काउनुको मूल्य भविष्यमा अझ ठूलो हुन सक्छ ।

एनआरएनएका अध्यक्ष डा. हेमराज शर्मा भन्छन्-'पछिल्ला वर्षहरूमा नेपाली भाषा, संस्कृति, इतिहास र मातृभूमिसँग उनीहरूको सम्बन्ध जीवित राख्ने उद्देश्यले एनआरएनएले दोस्रो पुस्तामाथि विशेष ध्यान केन्द्रित गरेको छ ।'

यस अभियानको नेतृत्व गरिरहेकी दीपमाला आफैं मिस नेपालको ताज जित्न सफल भएपछि दोस्रो पुस्ताको अभियानले नयाँ ऊर्जा प्राप्त गरेको छ । अब विश्वभर रहेका हजारौं नेपाली मूलका युवाले उनीभित्र आफूलाई देख्न सक्ने अवस्था बनेको छ ।

दीपमालाले आफ्नो सफलतामार्फत एउटा सन्देश दिएकी छन –'पहिचान केवल बसोबासले निर्धारण गर्दैन, आफ्नो संस्कृति प्रतिको अपनत्वले निर्धारण गर्छ ।'

दीपमालाको जितसँगै विश्वभर रहेका नेपाली समुदायले अभूतपूर्व








**एनआरएनएका पदाधिकारीहरूसँग दीपमाला ।**

उत्साह व्यक्त गरेका छन् । विदेशमा रहेका नेपाली संघसंस्था, अभियन्ता, सामाजिक अगुवा तथा सर्वसाधारणले सामाजिक सञ्जालमार्फत बधाई दिएका छन् ।

धेरैले यसलाई नेपाली डायस्पोराको साझा गौरव भनेका छन भने कतिपयले दोस्रो पुस्ताले अब नेपाललाई विश्वसामु अझ प्रभावकारी रूपमा चिनाउने विश्वास व्यक्त गरेका छन् ।

### एनआरएनए नेतृत्वको गर्व

हङकङमा हुर्किएकी दीपमालाले मिस नेपालको ताज जितेसँगै यो उपलब्धिलाई गैरआवासीय नेपाली संघले संस्थागतरुपमा बधाई दिँदै उनको सफलताले विश्वभर रहेका नेपाली समुदायको गौरव बढाएको प्रतिक्रिया दिएको छ ।

एनआरएनएका अध्यक्ष डा. हेमराज शर्माले दीपमालालाई हार्दिक बधाई तथा उज्ज्वल भविष्यका लागि शुभकामना व्यक्त गर्दै उनको सफलताले संघको दीर्घकालीन दोस्रो पुस्ता अभियानलाई थप बल पुगेको बताएका छन् ।

उनले गत मार्च महिनामा सम्पन्न एनआरएनएको अन्तर्राष्ट्रिय महाधिवेशनबाट पहिलो पटक दीपमाला ढकाल सेकेन्ड जेनेरेशन कोअर्डिनेटर पदमा निर्वाचित भएको स्मरण गराउँदै विश्वभर रहेका दोस्रो पुस्ताका नेपालीलाई नेपाली भाषा, संस्कृति, मूल्य-मान्यता तथा मातृभूमिसँग अझ सशक्त रूपमा जोड्ने उद्देश्यले संघले अघि बढाइरहेको अभियानमा उनको यो उपलब्धि कोशेढुङ्गा बन्ने विश्वास व्यक्त गरेका छन् ।

'दीपमालाको ऐतिहासिक सफलताले विदेशमा जन्मिएका तथा हुर्किएका नेपाली मूलका युवामा आत्मविश्वास बढाउनुका साथै आफ्नो पहिचान र जरा खोज्ने अभियानलाई थप प्रभावकारी बनाउने छ' अध्यक्ष शर्माले भने 'यसले एनआरएनएको उद्देश्य, अभियान र भावी पुस्तालाई नेपालसँग जोड्ने प्रयासलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास छ ।'

एनआरएनएका उपाध्यक्ष रोजिना प्रधान राईले दीपमालाको सफलताले गैरआवासीय नेपाली समुदायको गौरवलाई नयाँ उचाइमा पुऱ्याएको बताएकी छन् । उनले विश्वका जुनसुकै कुनामा बसे पनि नेपाली प्रतिभाले अवसर पाए उत्कृष्ट उपलब्धि हासिल गर्न सक्ने उदाहरण दीपमालाले प्रस्तुत गरेको उल्लेख गरिन् ।

त्यसैगरी एनआरएनएका सचिव टिका गुरुङले हङकङकी चेलीले मिस नेपालको उपाधि जित्नु हङकङवासी नेपालीको मात्र नभई विश्वभर रहेका सम्पूर्ण नेपालीको साझा गर्वको विषय भएको बताएकी छन् । उनले विदेशमा जन्मिएका नेपाली मूलका युवालाई आफ्नो भाषा, संस्कृति, पहिचान र मातृभूमिसँग अझ नजिक ल्याउन दीपमालाको सफलताले सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गरिन् ।

यता, विश्वका विभिन्न देशका एनआरएनए राष्ट्रिय समन्वय परिषद् (एनसीसी) हरूले पनि सामाजिक सञ्जालमार्फत दीपमालालाई बधाई दिँदै उनको सफलताले सम्पूर्ण गैरआवासीय नेपाली समुदायको प्रतिष्ठा बढाएको प्रतिक्रिया दिएका छन् ।

एनआरएन अभियन्ताहरूका अनुसार विदेशमा जन्मिएका वा हुर्किएका नेपाली मूलका युवालाई नेपालसँग भावनात्मक, सांस्कृतिक र सामाजिक रूपमा जोड्ने चुनौतीबीच दीपमालाको सफलता एउटा प्रेरणादायी उदाहरण बनेको छ । उनीहरूले यो उपलब्धिले दोस्रो पुस्तामा नेपाली भाषा, संस्कृतिप्रतिको अपनत्व र नेपालसँगको सम्बन्धलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरेका छन् ।

दीपमालाको सफलता केवल एउटा क्राउन जित्नु मात्र होइन । यो विदेशमा जन्मिएका वा हुर्किएका नेपाली मूलका लाखौं युवाको सम्भावनाको प्रतिनिधित्व हो । यो नेपालीपन सीमाभन्दा ठूलो हुन्छ भन्ने प्रमाण पनि हो ।

### डायस्पोरा अडिसनले खोलेको ढोका

मिस नेपाल प्रतियोगिताले केही वर्षअघि विदेशमा रहेका नेपाली मूलका युवाका लागि 'डायस्पोरा अडिसन' सुरु गरेपछि नयाँ सम्भावनाको ढोका खुल्यो । हङकङ, अष्ट्रेलिया, जापान, अमेरिका, बेलायतलगायत देशमा रहेका नेपाली मूलका युवतीले पहिलोपटक नेपालको सबैभन्दा प्रतिष्ठित सौन्दर्य प्रतियोगितामा सहभागी हुने अवसर पाए ।

सुरुवाती वर्षहरूमा प्रतियोगीहरूले राम्रो प्रस्तुति दिए पनि मुख्य उपाधिसम्म पुग्न सकेका थिएनन् । तर प्रत्येक सहभागिताले एउटा नयाँ सन्देश दिइरहेको थियो– डायस्पोरामा पनि नेपाललाई माया गर्ने, नेपाली संस्कृति बोकेर हिँड्ने र विश्वमञ्चमा नेपालको प्रतिनिधित्व गर्न चाहने सक्षम पुस्ता तयार भइरहेको छ ।

दीपमाला ढकालको जितले ती सबै प्रयासलाई पूर्णता दिएको छ। उनले केवल आफ्नो नाम इतिहासमा लेखाइनन्, बरु भविष्यमा आउने डायस्पोरा युवतीहरूका लागि एउटा नयाँ मानक पनि स्थापित गरिन्।

सौन्दर्य प्रतियोगिताजस्तै राष्ट्रिय खेलकुदमा पनि गैरआवासीय नेपालीको सहभागिता उल्लेखनीय रूपमा बढ्दै गएको छ। नेपालमा आयोजित राष्ट्रिय खेलकुद प्रतियोगितामा एनआरएनको छुट्टै टोली सहभागी हुन थालेपछि विदेशमा रहेका नेपाली मूलका खेलाडीले पहिलोपटक आफ्नो प्रतिभा मातृभूमिको नाममा प्रदर्शन गर्ने अवसर पाए।

एथलेटिक्स, पौडी, ब्याडमिन्टन, टेनिस, कराते, तेक्वान्दो, फुटबल, बास्केटबललगायत विभिन्न विधामा विदेशमा प्रशिक्षण लिएका खेलाडीले सहभागिता जनाए। केहीले पदकसमेत जिते। यसले विदेशमा हुर्किएका नेपाली युवामा रहेको क्षमता नेपालका लागि उपयोग गर्न सकिने स्पष्ट सन्देश दिएको छ।

राष्ट्रिय खेलकुद परिषद् र एनआरएनएबीच भएको सहकार्यले खेलकुदको माध्यमबाट पनि दोस्रो पुस्तालाई नेपालसँग जोड्ने नयाँ आधार तयार गरेको छ।

**दीपमाला : एउटा प्रतिनिधि पात्र**

दीपमाला ढकालको यात्रा हेर्दा उनी केवल मिस नेपाल होइनन्। उनी विदेशमा जन्मिएका वा हुर्किएका लाखौं नेपाली मूलका युवाको प्रतिनिधि पात्र हुन्।

उनले देखाइदिएकी छन् कि नेपाली भाषा सिक्न सकिन्छ, संस्कृति आत्मसात् गर्न सकिन्छ, मातृभूमिलाई माया गर्न सकिन्छ र आवश्यक परे नेपालको राष्ट्रिय झण्डा बोकेर विश्वमञ्चमा उभिन पनि सकिन्छ।

उनको सफलताले डायस्पोरामा रहेका अभिभावकलाई पनि एउटा सकारात्मक सन्देश दिएको छ–आफ्ना सन्तानलाई नेपाली भाषा, संस्कृति र इतिहाससँग जोडेर हुर्काउनुको मूल्य भविष्यमा अझ ठूलो हुन सक्छ। यस सफलतालाई संस्थागत रूपमा उपयोग गर्न सकियो भने विश्वभर रहेका हजारौं दोस्रो पुस्ताका नेपाली युवालाई नेपालसँग अझ बलियो रूपमा जोड्ने अवसर सिर्जना हुनेछ। यही कारण धेरै विश्लेषकले अहिलेको समयलाई 'दोस्रो पुस्ताको स्वर्ण अवसर' का रूपमा हेर्न थालेका छन्।

आज विश्वका ८० भन्दा बढी देशमा लाखौं नेपाली बसोबास गरिरहेका छन्। उनीहरूमध्ये ठूलो संख्या दोस्रो पुस्ताको छ, जसले नेपाललाई आफ्ना बाबुआमा वा हजुरबुबा-हजुरआमाको जन्मभूमिका रूपमा चिन्छन्। उनीहरू नेपाललाई माया गर्छन्, तर भाषा, संस्कृति, इतिहास र सामाजिक परिवेशसँगको दूरी समयसँगै बढ्ने जोखिम पनि उत्तिकै छ।

यही कारण दीपमालाको जितलाई एउटा व्यक्तिगत उपलब्धिमा सीमित नराखी दीर्घकालीन अवसरका रूपमा उपयोग गर्न आवश्यक देखिन्छ। एनआरएनएले वर्षौंदेखि दोस्रो पुस्तालाई जोड्ने प्रयास गरिरहेको छ। तर यो अभियानलाई अझ प्रभावकारी बनाउन नेपाल सरकार, स्थानीय तह, निजी क्षेत्र, शैक्षिक संस्था र प्रवासी नेपाली समुदायबीच अझ सशक्त सहकार्य आवश्यक देखिन्छ।

विशेष गरी संस्कृति, शिक्षा, पर्यटन, खेलकुद, उद्यमशीलता र नवप्रवर्तनका क्षेत्रमा दोस्रो पुस्तालाई प्राथमिकता दिने नीति निर्माण गर्न सकियो भने यसको प्रभाव दीर्घकालीन हुनेछ।

सायद यही कारण दीपमालाको जितलाई केवल एउटा 'क्राउन' को जित भनेर व्याख्या गर्न मिल्दैन। यो एउटा पुस्ताको आत्मविश्वास, विश्वभर छरिएका नेपालीको साझा गौरव र नेपालसँगको अविच्छिन्न सम्बन्धको उज्यालो भविष्यको घोषणा हो।



# 'अब मेरो लक्ष्य संसारलाई नेपाल चिनाउनु हो'

● **दीपमाला ढकाल**, मिस नेपाल इन्टरनेशनल-२०२६




कहिलेकाहीँ जीवनले हामीले खोजेको बाटोभन्दा पनि ठूलो जिम्मेवारी आफैँ रोजिदिन्छ। मेरो जीवनमा पनि यस्तै भएको छ। आज म मिस नेपाल इन्टरनेशनलको ताज लगाएर उभिँदा यो केवल एउटा व्यक्तिगत उपलब्धि जस्तो लाग्दैन। मलाई लाग्छ, यो संसारभर छरिएका लाखौं गैरआवासीय नेपाली, विशेष गरी दोस्रो पुस्ताका नेपाली युवाको सफलता हो।

म मिस नेपालमा आउनुअघि मिस नेपाल हङकङ इन्टरनेशनल भएकी थिएँ। त्यतिबेला मेरो उद्देश्य निकै स्पष्ट थियो– हङकङमा बस्ने नेपाली समुदाय कस्तो छ, उनीहरूको जीवन, संघर्ष र पहिचान कस्तो छ भन्ने कुरा नेपाललाई चिनाउने। तर आज मेरो जिम्मेवारी बदलिएको छ। अब मैले नेपाललाई संसारसँग चिनाउनुपर्छ। नेपाल केवल एउटा सुन्दर देश मात्र होइन, यो संस्कार, मूल्य, इमानदारी र आत्मीयताको परिचय भएको मुलुक हो भन्ने कुरा विश्वलाई देखाउनु मेरो जिम्मेवारी बनेको छ। यही जिम्मेवारी पाएकोमा म अत्यन्त खुसी र गर्व महसुस गरिरहेकी छु।

म बाहिर जन्मिएँ, बाहिरै हुर्किएँ। सायद त्यसैले मेरो बाल्यकालको सबैभन्दा ठूलो संघर्ष मेरो पहिचान थियो। हङकङमा हुँदा मानिसहरूले सोध्थे, "तिमी कहाँको ?" नेपाल आउँदा पनि त्यही प्रश्न दोहोरिन्थ्यो। म कहिले पूर्ण रूपमा हङकङकी हुन सकिनँ, कहिले पूर्ण रूपमा नेपालकी भएको अनुभूति पनि भएन। त्यो द्विविधाले कहिलेकाहीँ डर, तनाव र एक्लोपन सिर्जना गर्थ्यो। मलाई लाग्थ्यो, म आखिर कहाँको हुँ ?

आज फर्केर हेर्दा लाग्छ, त्यो संघर्ष मैले मात्र भोगेकी थिइनँ। संसारभरका धेरै गैरआवासीय नेपाली, विशेष गरी दोस्रो पुस्ताका युवाले यही प्रश्नसँग संघर्ष गरिरहेका छन्। तर आज परिस्थितिले नयाँ मोड लिएको छ। आज मलाई लाग्छ–मैले नेपाल रोजेकी होइन, नेपालले मलाई रोजेको हो।

त्यही अनुभूतिले मलाई अझ जिम्मेवार बनाएको छ। हामी जहाँ भए पनि नेपालका आजीवन दूत हौँ। हाम्रो बोली, व्यवहार, काम र सफलताले नै नेपाललाई चिनाइरहेको हुन्छ। त्यसैले विदेशमा बसे पनि आफ्नो देशका लागि केही गर्ने सोच कहिल्यै मर्नु हुँदैन भन्ने मेरो विश्वास हो।

मेरो यात्रामा प्रेरणाको स्रोत बन्नुभएको व्यक्ति हुनुहुन्छ मिस नेपाल २०१९ अनुस्का श्रेष्ठ। उहाँ लामो समय विदेशमा बसेपछि नेपाल फर्केर मिस नेपाल बन्नुभयो र

त्यसपछि पनि आफ्नो यात्रालाई देशकै सेवासँग जोडिरहनुभएको छ। उहाँलाई देखेर मैले सिकेको कुरा के हो भने सफल हुनु मात्र ठूलो कुरा होइन, त्यो सफलतालाई समाज र देशका लागि उपयोग गर्न सक्नु अझ ठूलो कुरा हो। मेरो सपना पनि त्यही हो–आफ्नो लागि मात्र होइन, नेपालका लागि केही अर्थपूर्ण गर्न सकूँ।

म राजनीतिमा जाऔँ वा नजाऔँ, त्यो भविष्यले तय गर्ने कुरा हो। तर जुनसुकै क्षेत्रमा भए पनि सकारात्मक परिवर्तनको एउटा हिस्सा बन्ने चाहना मेरो मनमा सधैँ रहनेछ।

मलाई जीवनमा सबैभन्दा ठूलो शक्ति कसले दियो भन्ने प्रश्न आयो भने मेरो उत्तर एउटै हुन्छ–मेरी आमा। संसारमा सबैभन्दा ठूलो माया आमाको माया नै हो। मिस नेपालबारे धेरै विवाद, धेरै टिप्पणी सुनिन्छन्। कसैले जितेपछि राम्रो भन्छन्, कसैले नजितेपछि नराम्रो पनि भन्छन्। तर मेरी आमाले आफैं युवावस्थामा यही प्रतियोगितामा सहभागी हुनुभएको थियो। उहाँले जित्नुभएन, तर त्यो अनुभवले उहाँलाई यो मञ्चको मूल्य बुझाएको थियो। त्यसैले मलाई कहिल्यै रोक्नुभएन। बरु सधैं साथ दिनुभयो, हौसला दिनुभयो। उहाँको विश्वासले नै आज म यो स्थानसम्म आइपुगेकी हुँ।

मलाई लाग्छ, गैरआवासीय नेपालीहरू नेपालका लागि एउटा अमूल्य सम्पत्ति हुन्। नेपालले हामीलाई हुर्काउन खर्च गरेको छैन, शिक्षा दिएको छैन, रोजगारी दिएको छैन। हामीले संसारका विभिन्न देशबाट शिक्षा, सीप, अनुभव र अन्तर्राष्ट्रिय दृष्टिकोण पाएका छौँ। यदि नेपालले यो अनुभवलाई सही रूपमा उपयोग गर्न सक्यो भने हामी देशका लागि एउटा निःशुल्क स्रोत बन्न सक्छौँ।

आज हजारौं दक्ष नेपाली विदेश गइरहेका छन्। त्यो यथार्थ हो। तर विदेश पुगेका नेपालीले एकदिन आफ्नो ज्ञान, सीप, लगानी र अनुभव नेपालमै फर्काउन सके भने त्यसले देशको भविष्य बदल्न सक्छ। म चाहन्छु, मेरो यात्रा अरू गैरआवासीय नेपाली युवाका लागि प्रेरणा बनोस्। यदि मेरो यो सफलताले एक जना मात्र दोस्रो पुस्ताको नेपालीलाई नेपालसँग अझ नजिक ल्याउन सक्यो भने पनि म आफ्नो जिम्मेवारी पूरा भएको महसुस गर्नेछु।

आज मेरो टाउकोमा मिस नेपालको ताज छ। तर त्यो ताजभन्दा ठूलो कुरा मेरो काँधमा आएको जिम्मेवारी हो। अब मेरो यात्रा एउटा प्रतियोगिताको अन्त्य होइन, नेपाललाई विश्वमा चिनाउने नयाँ यात्राको सुरुवात हो।

# वैदेशिक रोजगार व्यवसायीद्वारा आन्दोलन घोषणा

## भदौ १ देखि सम्पूर्ण सेवा ठप्प पार्ने चेतावनी




नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार क्षेत्रका नीतिगत तथा कानुनी समस्या समाधानको माग गर्दै चरणबद्ध आन्दोलन घोषणा गरेको छ। संघले सरकारले तत्काल माग सम्बोधन नगरे श्रम स्वीकृति र मागपत्र प्रमाणीकरण सेवा बन्द गर्ने तथा भदौ १ गतेदेखि सम्पूर्ण वैदेशिक रोजगार सेवा ठप्प पार्ने चेतावनी दिएको हो।

काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष डिक बहादुर खत्रीले वैदेशिक रोजगार क्षेत्र नेपालको अर्थतन्त्रको प्रमुख आधार भए पनि सरकारले व्यवसायी र श्रमिकका समस्याप्रति गम्भीरता नदेखाएको आरोप लगाए। उनले आन्दोलन सरकारसँग टकरावका लागि नभई श्रमिक, व्यवसायी र समग्र वैदेशिक रोजगार क्षेत्रको दीर्घकालीन सुधारका लागि भएको स्पष्ट पारे।

उनका अनुसार सरकारले संवादमार्फत समस्या समाधान गर्न पहल गरे संघ वार्ताका लागि सधैं तयार रहनेछ। तर मागलाई बेवास्ता गरिए आन्दोलन थप सशक्त बनाइने उनले बताए।

संघका प्रथम उपाध्यक्ष महेश बस्नेतले वैदेशिक रोजगार विभागबाट हुने श्रम स्वीकृति तथा मागपत्र प्रमाणीकरण सेवा तत्कालका लागि स्थगित गरिने जानकारी दिँदै सरकार सकारात्मक नभए भदौ १ गतेदेखि सम्पूर्ण सेवा बन्द गरिने बताए।

संघले सरकारसमक्ष १५ बुँदे माग अघि सारेको छ। तीमध्ये वैदेशिक रोजगार ऐनलाई समयसापेक्ष संशोधन, श्रम स्वीकृति, मागपत्र प्रमाणीकरण तथा पूर्व-अन्तिम श्रम स्वीकृतिलाई पूर्ण रूपमा स्वचालित प्रणालीबाट सञ्चालन, नयाँ श्रम गन्तव्य मुलुकको खोजी तथा प्रक्रिया सहजीकरण, जापानको ईएसडी कार्यक्रम, दक्षिण कोरियाको ई-७ भिसा, महिला घरेलु श्रमिक र युरोपलगायत नयाँ गन्तव्य विस्तारलाई प्राथमिकता दिनुपर्ने माग गरिएको छ।

त्यस्तै, साउदी अरेबियाको एसभीपी तथा बायोमेट्रिक प्रणाली, यूएईको बाहिरबाट गरिने प्रमाणपत्र प्रमाणीकरण, मलेसियाको श्रमिक भर्ना प्रक्रियामा देखिएका एकाधिकारजस्ता समस्या कूटनीतिक पहलमार्फत समाधान गर्नुपर्ने संघको माग छ। विदेशस्थित नेपाली श्रमिक बढी रहेका मुलुकमा पर्याप्त श्रम सहचारी र काउन्सिलरको व्यवस्था गर्न, मागपत्र प्रमाणीकरण प्रणालीलाई सहज बनाउन तथा संस्थागत श्रम स्वीकृतिलाई थप प्रभावकारी बनाउन पनि संघले आग्रह गरेको छ।

संघले वैदेशिक रोजगारसँग सम्बन्धित उजुरी छानबिनका लागि छुट्टै निकाय गठन, अनावश्यक दण्ड-सजायको दायरा हटाई नीतिगत सुधार, व्यवसायीले राखेको नगद धरौटीमा अन्य निजी क्षेत्रसरह ब्याज उपलब्ध गराउने व्यवस्था, अवैध मिटरब्याज र अनधिकृत वित्तीय कारोबार नियन्त्रण तथा श्रमिकलाई सहज ऋण र वित्तीय पहुँचको व्यवस्था गर्न पनि सरकारसँग माग गरेको छ।

संघले वैदेशिक रोजगार क्षेत्रलाई सम्मानित, पारदर्शी, प्रविधिमैत्री र श्रमिकमैत्री बनाउन नीतिगत सुधार अपरिहार्य रहेको उल्लेख गर्दै सरकारले माग सम्बोधन नगरे आन्दोलनलाई थप कडा बनाइने चेतावनी दिएको छ। साथै, वार्ता र संवादमार्फत समस्याको निकास खोज्न सरकार सकारात्मक हुने अपेक्षा पनि संघले व्यक्त गरेको छ।

## साउदी सीप परीक्षण विवाद :

# शुल्क नलिने एसभीपीको दाबी, अनुसन्धान र विरोधबीच कामदार अन्योलमा

साउदी अरब रोजगारीमा जाने नेपाली कामदारका लागि लागू गरिएको स्किल भेरिफिकेसन प्रोग्राम (एसभीपी) अहिले वैदेशिक रोजगार क्षेत्रकै सबैभन्दा बढी चर्चित र विवादित विषय बनेको छ। एकातर्फ कार्यक्रम सञ्चालन गरिरहेको संस्थाले कामदारबाट कुनै पनि प्रकारको शुल्क नलिएको र भविष्यमा पनि नलिने दाबी गरिरहेको छ भने अर्कोतर्फ सरकारले यसको वैधानिकता र सञ्चालन प्रक्रियामाथि अनुसन्धान अघि बढाएको छ।

वैदेशिक रोजगार व्यवसायीहरूले भने प्रणालीको पारदर्शिता, कानुनी आधार तथा सम्भावित सिण्डिकेटको जोखिमबारे निरन्तर प्रश्न उठाइरहेका छन्। यी परस्पर विरोधी दाबीबीच सबैभन्दा ठूलो अन्योलमा भने साउदी रोजगारीको तयारीमा रहेका हजारौँ नेपाली कामदार परेका छन्। इन्डस्ट्रियल ट्रेनिङ इन्स्टिच्युट नेपालले जारी गरेको प्रेस विज्ञप्तिमार्फत एसभीपीका नाममा कुनै पनि कामदारबाट शुल्क नलिइएको स्पष्ट पारेको छ। संस्थाका अध्यक्ष अबु सुफायन खानका अनुसार एसभीपी अन्तर्गत कामदारसँग कुनै प्रकारको शुल्क संकलन वा असुली गरिएको छैन र भविष्यमा पनि यस्तो शुल्क लिइने छैन।

संस्थाले पछिल्लो समय एसभीपीसँग सम्बन्धित विषयमा सार्वजनिक भएका केही समाचार तथा सामाजिक सञ्जालका सामग्रीले आफ्नो संस्थाको प्रतिष्ठामा आँच पुऱ्याउने उद्देश्य राखेको आरोप पनि लगाएको छ। विज्ञप्तिमा एसभीपीका नाममा कामदारमाथि अतिरिक्त आर्थिक भार थपिएको भन्ने प्रचारलाई निराधार दाबी गर्दै तथ्य पुष्टि नगरी समाचार प्रकाशन तथा प्रसारण नगर्न सञ्चारमाध्यमलाई आग्रह गरिएको छ।

त्यसैगरी, संस्थाले साइ भिजन डिजिटल नामक कम्पनीसँग आफ्नो कुनै सम्बन्ध नरहेको स्पष्ट पारेको छ। उक्त कम्पनीले एसभीपीका नाममा केही वैदेशिक रोजगार व्यवसायीलाई इमेल पठाई समन्वय गरिदिने वा आवश्यक शुल्क तिरिदिने भन्दै भ्रम सिर्जना गरेको आरोप लगाउँदै यसले संस्थाको प्रतिष्ठामा क्षति पुगेको जनाएको छ। यस सम्बन्धमा प्रहरीमा उजुरी दर्ता गरिसकिएको र सम्बन्धित निकायसँग कानुनी कारबाहीको माग गरिएको संस्थाको भनाइ छ।

यद्यपि, विवाद यतिमै सीमित छैन। नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायत सरोकारवाला निकायहरूले सुरुदेखि नै एसभीपी प्रणालीप्रति असन्तुष्टि जनाउँदै आएका छन्। संघको भनाइमा हालको सीप परीक्षण प्रणाली पर्याप्त पारदर्शी छैन। सीमित संस्थालाई मात्र अवसर दिइएको र यसले भविष्यमा सिण्डिकेटको अवस्था सिर्जना गर्न सक्ने जोखिम रहेको उनीहरूको तर्क छ।




व्यवसायीहरूले सीप परीक्षण सञ्चालनका लागि आवश्यक सरकारी स्वीकृति, कानुनी प्रक्रिया तथा नियामकीय व्यवस्था पूर्ण रूपमा पालना नभएको आरोपसमेत लगाएका छन्।

यही विवादका बीच सरकारले पनि यस विषयलाई गम्भीर रूपमा लिएर अनुसन्धान अघि बढाएको छ। आवश्यक स्वीकृतिबिना सीप परीक्षण सञ्चालन गरी प्रमाणपत्र वितरण गरिएको भन्ने उजुरीपछि युवा, रोजगार तथा श्रम मन्त्रालयले सम्बन्धित संस्थाको कार्यालय शिलबन्दी गरी अनुसन्धान सुरु गरेको हो।

मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेका अनुसार प्रारम्भिक अनुसन्धान प्रतिवेदन मन्त्रालयमा प्राप्त भइसकेको छ। प्रतिवेदनको अध्ययनपछि आवश्यक निर्देशन तथा निर्णय गरिने तयारी भइरहेको मन्त्रालयले जनाएको छ। साथै अनुसन्धान प्रक्रिया पूरा नहुँदासम्म कुनै निष्कर्षमा नपुग्न सबै पक्षलाई मन्त्रालयले आग्रह गरेको छ।

उता, साउदी अरब सरकारले निश्चित पेशामा जाने विदेशी कामदारका लागि सीप प्रमाणीकरण अनिवार्य गरेपछि नेपालमा पनि एसभीपी कार्यान्वयन सुरु गरिएको थियो। हाल साउदी दूतावासले तोकेका केही पेशाका लागि सीप परीक्षण प्रमाणपत्र अनिवार्य गरेसँगै प्रमाणपत्र नहुने कामदारको श्रम भिसा प्रक्रिया रोकिएको छ।

यसको प्रत्यक्ष असर साउदी रोजगारीको तयारीमा रहेका नेपाली कामदारमाथि परेको छ। सीप परीक्षण केन्द्र बन्द भएपछि पाँच प्रकारका पेशामा जाने कामदारको भिसा आवेदन प्रभावित भएको छ। लामो समयदेखि भिसाको प्रतीक्षामा रहेका धेरै कामदार अन्योलमा छन् भने वैदेशिक रोजगार व्यवसायीहरू पनि प्रक्रिया अवरुद्ध हुँदा समस्या झेलिरहेका छन्।

समग्रमा हेर्दा एसभीपी सञ्चालन गर्ने संस्थाले आफूविरुद्ध लगाइएका आरोप अस्वीकार गर्दै कामदारमाथि कुनै आर्थिक भार नपर्ने दाबी गरिरहेको छ। अर्कोतर्फ वैदेशिक रोजगार व्यवसायीहरूले प्रणालीको वैधानिकता, पारदर्शिता र प्रतिस्पर्धामाथि प्रश्न उठाइरहेका छन् भने सरकारले अनुसन्धानलाई अन्तिम निष्कर्षमा पुऱ्याउने तयारी गरिरहेको छ। वास्तविक अवस्था के हो भन्ने प्रश्नको उत्तर अब सरकारी अनुसन्धानको निष्कर्षले दिनेछ।

तर विवादको सबैभन्दा ठूलो मूल्य भने साउदी रोजगारीको तयारीमा रहेका नेपाली कामदारले चुकाइरहेका छन्। उनीहरूको श्रम स्वीकृति, भिसा प्रक्रिया र रोजगारीको भविष्य अनिश्चित बनेको छ। त्यसैले सम्बन्धित सबै पक्षले आरोप-प्रत्यारोपभन्दा माथि उठेर विवादको छिटो समाधान खोज्नु आवश्यक देखिन्छ। सीप परीक्षण प्रणाली कानुनसम्मत, पारदर्शी र सबैका लागि समान अवसर सुनिश्चित गर्ने ढंगले सञ्चालन हुन सके मात्रै नेपाली श्रमिकको हित, वैदेशिक रोजगार क्षेत्रको विश्वास र नेपाल-साउदी श्रम सम्बन्ध दुवै सुदृढ बन्न सक्नेछन्।

# उद्योगको सबैभन्दा ठूलो संकट
# मेसिन होइन, दक्ष जनशक्ति



नेपालको औद्योगिक क्षेत्रका चुनौतीबारे चर्चा हुँदा अधिकांशले आर्थिक मन्दी, तरलताको अभाव, लगानी घट्नु वा बजार खुम्चिनुलाई प्रमुख कारण ठान्छन्। तर, नेपाल राष्ट्र बैंकको हालै सार्वजनिक चालु आर्थिक वर्षको अर्धवार्षिक अध्ययन प्रतिवेदनले भने औद्योगिक क्षेत्रको सबैभन्दा गम्भीर संकटकारुपमा दक्ष जनशक्तिको अभावलाई औँल्याएको छ।

देशभरका उद्योगहरू अहिले मेसिन, भवन वा कच्चा पदार्थभन्दा बढी सीपयुक्त कामदारको खोजीमा छन्। उद्योग विस्तार गर्ने योजना बनाएका धेरै उद्यमीहरू उत्पादन बढाउनेभन्दा पनि दक्ष कर्मचारी कसरी जुटाउने भन्ने चिन्तामा छन्। वैदेशिक रोजगारीतर्फ युवाहरूको तीव्र पलायनसँगै देशभित्र प्राविधिक जनशक्तिको अभाव बढ्दै जाँदा उद्योगहरूले आफ्नो पूर्ण क्षमता उपयोग गर्न नसकेको प्रतिवेदनले देखाएको छ।

काठमाडौंका गार्मेन्ट उद्योगदेखि तराईका चामल, चिनी र खाद्य प्रशोधन उद्योगसम्म पुग्दा उद्योगीहरूको साझा गुनासो एउटै सुनिन्छ– "काम गर्ने मान्छे भेटिन्छन, तर काम जान्ने मान्छे भेटिँदैनन।" राष्ट्र बैंकको अध्ययनले पनि यही यथार्थलाई पुष्टि गरेको छ।

प्रतिवेदनअनुसार नेपाली उद्योगहरू एकैपटक धेरै चुनौतीसँग जुधिरहेका छन्। कच्चा पदार्थको अनियमित आपूर्ति, उत्पादित वस्तुको सीमित बजार, उत्पादन लागतमा निरन्तर वृद्धि, पुरानो प्रविधिको प्रयोग, सीमित लगानी, कमजोर व्यवस्थापन तथा वातावरणमैत्री उत्पादन प्रणालीको अभावले उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता कमजोर बन्दै गएको छ।

प्रदेशअनुसार चुनौतीको स्वरूप पनि फरक-फरक देखिन्छ। सुदूरपश्चिममा खुला सीमाका कारण हुने अवैध पैठारी र भन्सार छलीले स्वदेशी उद्योगलाई प्रत्यक्ष असर पुऱ्याइरहेको छ। कर्णालीमा उद्योग स्थापना भए पनि पर्याप्त लगानी, बजार पहुँच र पूर्वाधारको अभावले ती उद्योगहरू अपेक्षित रूपमा सञ्चालन हुन सकेका छैनन्।

यद्यपि, चुनौतीबीच सम्भावनाका ढोकाहरू पनि उत्तिकै खुला छन्। पछिल्ला वर्षहरूमा जलविद्युत् उत्पादनमा भएको उल्लेखनीय वृद्धि, विशेष आर्थिक क्षेत्र (एसईजेड), औद्योगिक ग्राम तथा औद्योगिकीकरणलाई प्राथमिकतामा राखिएका सरकारी योजनाले उत्पादन क्षेत्रलाई नयाँ ऊर्जा दिन सक्ने प्रतिवेदनको निष्कर्ष छ।

विशेषगरी मधेश प्रदेशलाई कृषि-आधारित औद्योगिकीकरणको केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना औँल्याइएको छ। धान, गहुँ, उखु, दुग्ध उत्पादन तथा पशुपालनमा आधारित खाद्य प्रशोधन, चिनी, डेरी तथा पशु आहार उद्योग विस्तारका लागि मधेश उपयुक्त क्षेत्र मानिएको छ। मिथिला कला, हस्तकला र धार्मिक पर्यटनले पनि त्यहाँको स्थानीय अर्थतन्त्रलाई थप बलियो बनाउन सक्ने देखिएको छ।

बागमती र गण्डकी प्रदेशमा जडीबुटी, कृषि, पशुपालन तथा स्थानीय स्रोतसाधनमा आधारित साना तथा मझौला उद्योगको सम्भावना उत्तिकै उज्ज्वल देखिन्छ। बैंक तथा वित्तीय संस्थामा बढ्दो तरलता, घट्दो ब्याजदर र लगानीका लागि अनुकूल वातावरणले नयाँ उद्यमीलाई उद्योग स्थापना गर्न थप अवसर सिर्जना गरिरहेको प्रतिवेदनले संकेत गरेको छ।

अध्ययनको सबैभन्दा उत्साहजनक पक्ष भने सूचना प्रविधि क्षेत्रसँग जोडिएको छ। विश्वभर तीव्र गतिमा विस्तार भइ रहेको डिजिटल अर्थतन्त्रसँगै नेपालमा सफ्टवेयर विकास, सूचना प्रविधि सेवा तथा आउटसोर्सिङ उद्योगको भविष्य निकै सम्भावनायुक्त देखिएको छ। विदेशबाट फर्किएका दक्ष नेपाली युवाको सीपलाई उत्पादन र उद्यमसँग जोड्न सके रोजगारी सिर्जना गर्नुका साथै निर्यातयोग्य सेवा उद्योगको विकाससमेत सम्भव हुने अध्ययनले औँल्याएको छ।

यस्तै, 'मेक इन नेपाल' र 'मेड इन नेपाल' अभियानलाई प्रभावकारी कानुनी संरचना, भरपर्दो सडक, विद्युत्, इन्टरनेट तथा सरकारी निकायमै स्वदेशी उत्पादन प्रयोग गर्ने स्पष्ट नीतिसँग जोड्न सके नेपाली उद्योगले नयाँ उचाइ लिन सक्ने विश्वास पनि प्रतिवेदनले व्यक्त गरेको छ।

नेपालको औद्योगिक क्षेत्र अहिले संकट र सम्भावनाको दोसाँधमा उभिएको छ। एकातिर दक्ष जनशक्तिको अभाव, उच्च उत्पादन लागत र कमजोर प्रतिस्पर्धात्मक क्षमताले उद्योगहरू संघर्ष गरिरहेका छन् भने अर्कोतिर ऊर्जा, कृषि, सूचना प्रविधि र स्वदेशी उत्पादनमा नयाँ सम्भावनाका ढोकाहरू खुलिरहेका छन्।

अबको मूल प्रश्न एउटै छ– के सरकार, निजी क्षेत्र र शैक्षिक संस्थाहरू मिलेर दक्ष जनशक्ति उत्पादन गर्दै यी चुनौतीलाई औद्योगिक पुनर्जागरणको अवसरमा रूपान्तरण गर्न सक्छन ? त्यसको उत्तर आगामी नीति, लगानी र कार्यान्वयनले दिनेछ।

# युवालाई स्वदेशमै रोक्ने सरकारको योजना

## बजेट, कानुन र उद्यमशीलताको नयाँ समीकरण बनाउने दाबी

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा दैनिक देखिने दृश्य अब नेपाली समाजको सामान्य यथार्थ बनेको छ। हातमा पासपोर्ट, काँधमा सपनाको भारी र आँखाभरि अनिश्चित भविष्य बोकेका हजारौँ युवा आफ्नो देश छाडेर विदेशतर्फ उडिरहेका हुन्छन्। कोही उच्च शिक्षाको खोजीमा, कोही रोजगारीको बाध्यतामा। पछिल्ला दुई दशकमा यो दृश्य नेपाली अर्थतन्त्र, श्रम बजार र सामाजिक संरचनाको परिचयजस्तै बनिसकेको छ।

तर सरकारले अब यो यथार्थ बदल्ने दाबी गरेको छ। आगामी आर्थिक वर्षको बजेटमार्फत युवा उद्यमशीलतालाई केन्द्रमा राख्दै स्वदेशमै रोजगारी सिर्जना गर्ने, वैदेशिक रोजगारमा निर्भरता घटाउने र विदेशिनुपर्ने बाध्यताको अन्त्य गर्ने लक्ष्यसहित नयाँ नीतिगत यात्रा सुरु भएको सरकारको दाबी छ। यही सन्देश राष्ट्रिय युवा उद्यमशीलता सम्मेलन-२०८३ मा सरकारका दुई प्रमुख मन्त्रीले दोहोऱ्याए।

सम्मेलनलाई सम्बोधन गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी पाँच वर्षलाई लक्षित गर्दै युवाका लागि स्वदेशमै अवसर निर्माण गर्ने आधार बजेटले तयार गरेको बताए। उनले भने 'विगत १५-२० वर्षदेखि युवाहरू आफ्ना सपना पूरा गर्न विदेश जानैपर्ने अवस्थालाई परिवर्तन गर्ने उद्देश्यले बजेटमा संरचनागत सुधारका कार्यक्रम समेटिएका छन्।'

अर्थमन्त्रीका अनुसार युवा उद्यमीलाई प्रोत्साहन गर्न करमा सहुलियत, साना व्यवसायीका लागि राहत, बक्यौता व्यवस्थापन तथा सरकारी सेवा डिजिटल प्रणालीमार्फत सहज बनाउने व्यवस्था गरिएको छ। 'एक लाख रुपैयाँसम्म आम्दानी गर्ने युवालाई करको झन्झटबाट मुक्त गर्ने व्यवस्थादेखि नयाँ उद्यम सुरु गर्न सहज वातावरण बनाउनेसम्मका कार्यक्रम बजेटमा समावेश गरिएको छ' अर्थमन्त्री वाग्लेले भने 'रोजगारी खोज्ने युवालाई उद्यमीमा रूपान्तरण गर्न सके मात्रै वैदेशिक पलायनको चक्र तोड्न सकिन्छ, यसैले सोही अनुसार हामीले बजेट व्यवस्थापन गरेका छौं।'

तर सरकारी घोषणाको अर्को पाटो पनि छ। देशभित्र उद्यमशीलताको वातावरण निर्माण गर्ने कुरा भइरहँदा वैदेशिक रोजगारसँग सम्बन्धित समस्या भने अझै उस्तै गम्भीर छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा दैनिक पुग्ने अधिकांश गुनासा वैदेशिक रोजगारकै हुने गरेको स्वीकारोक्ति स्वयं श्रममन्त्री रामजी यादवले गरेका छन्।




**अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र श्रममन्त्री रामजी यादव।**

उनका अनुसार मन्त्रालयको अधिकांश समय ठगी, सम्झौता उल्लङ्घन, श्रमिकका समस्या, उद्धार तथा अन्य वैदेशिक रोजगार सम्बन्धी विषय समाधानमै खर्च हुने गरेको छ। यही कारण सरकारले वैदेशिक रोजगार ऐन संशोधन गरी प्रणालीलाई थप पारदर्शी, सुरक्षित र प्रभावकारी बनाउने तयारी थालेको उनले जानकारी दिए।

मन्त्री यादवले युवालाई देशको सबैभन्दा ठूलो सम्भावना भन्दै सरकार एक्लैले रोजगारी सिर्जना गर्न नसक्ने स्पष्ट पारे। 'निजी क्षेत्र, लगानीकर्ता र युवा उद्यमीबीचको सहकार्यबाट मात्रै दिगो रोजगारी विस्तार सम्भव छ' मन्त्री यादवले भने 'अब जागिर खोज्ने मानसिकताबाट माथि उठेर अवसर सिर्जना गर्ने र अरूलाई समेत रोजगारी दिने उद्यमी बन्न हिम्मत गरौ।'

नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारीको योगदान अस्वीकार गर्न सकिँदैन। लाखौँ नेपालीले विदेशबाट पठाएको विप्रेषणले अर्थतन्त्र धानेको छ। तर यही अवस्थाले उत्पादनशील जनशक्ति विदेश पलायन हुने, देशभित्र दक्ष श्रमिकको अभाव बढ्ने र उद्यमशीलता कमजोर हुने चुनौती पनि सँगै ल्याएको छ। यही कारण अहिलेको सरकारी प्राथमिकता विप्रेषणमुखी अर्थतन्त्रलाई उत्पादन र उद्यममा आधारित अर्थतन्त्रतर्फ रूपान्तरण गर्ने देखिन्छ।

यद्यपि, नेपालमा नीति घोषणा र कार्यान्वयनबीचको दूरी नयाँ विषय होइन। विगतमा पनि युवा स्वरोजगार, स्टार्टअप प्रवर्द्धन, सहुलियत ऋण र उद्यम विकासका अनेक कार्यक्रम घोषणा भए, तर अपेक्षित परिणाम दिन सकेनन्। यसैले अहिले पनि धेरै युवाहरू यसपटकको बजेट र ऐन संशोधनले साँच्चै परिवर्तन ल्याउला कि फेरि अर्को घोषणामै सीमित होला ? भन्ने जिज्ञाशामा छन्।

सरकारले प्रस्तुत गरेको योजना महत्वाकांक्षी अवश्य छ। यदि बजेटमा उल्लेख गरिएका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भए, निजी क्षेत्रसँग सहकार्य मजबुत बन्यो, लगानीमैत्री वातावरण सिर्जना गरियो र वैदेशिक रोजगार प्रणालीलाई कानुनी तथा संस्थागत रूपमा सुधार गर्न सकियो भने स्वदेशमै रोजगारी विस्तार गर्ने लक्ष्य असम्भव देखिँदैन। तर त्यो सफलताको मापन भाषणले होइन, आगामी वर्षहरूमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदाइ हुने युवाको संख्या घटेर स्वदेशमै नयाँ उद्योग, नयाँ व्यवसाय र नयाँ रोजगारी सिर्जना भएको तथ्यले गर्नेछ।


माधवप्रसाद चालिसे

# मेलम्चीजस्तै रसिला माधव !



● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com

वैदेशिक रोजगारीको क्रम कुनै न कुनै रुपमा युवा पलायन बढ्दो छ। बुढ्यौलीमा एक्लोपन नेपाली परिवारहरूको साझा कथाजस्तै बन्न थाल्यो। द्रुत गतिमा प्रविधिको विकास देशविदेशका समाचार छिन्मा विश्वभरि फैलिरहेका छन्। यस मानेमा पृथ्वी नै एउटा गाउँझैँ भइसक्यो। यहीँ गाउँको कथा उहाँको जीवन खोतल्न कौतुहल जाग्यो। मेरो अनुरोध केही प्रश्न सोधेँ, केही प्रश्न सुनेँ।

"मेरो नाम माधवप्रसाद चालिसे। घर सिन्धुपाल्चोक जिल्ला मेलम्ची हो। मेरो पढाइ धेरै छैन, कक्षा दश उत्तीर्ण गरेँ। काठमाडौं आएको दुई दशक भइसक्यो। यहाँ आएर पहिलो रोजगार कारखानामा धागो रङ्ग्याउने काम गरेँ। विदेश गएँ, रोजगार कै लागि तर त्यताको बसाइ लामो भएन।" उहाँ प्रष्ट वक्ता हुनुहुन्छ। चाँडो कुरो बुझेर निचोडमा बोल्नु हुन्छ। राजनीतिमा पनि चासो राख्नु हुन्छ।

बाल्यकालमा भोगेको गाउँ कस्तो थियो ? बाटोघाटो कसरी हिँडिन्थ्यो ? साथै, स्कुल पढ्दाको अनुभवलाई समेत जोडेर अर्थ र रोजगारलाई बताउन मैले आग्रह गरेपछि उहाँले सुरु गर्नुभयो- "हामीले भोगेको गाउँमा बिजुली बत्ती थिएन। टुकी बालेर पढ्नु पर्थ्यो। खबर सुन्न रेडियो थिएन। पत्रिका भनेको के हो ? जानिएन तर पछि, क्रमशः बुझियो। समय सूचक घडी थिएन। हाम्रो परिवारमा बुवा चाँडै बित्नु भयो। घरको दियो निभ्नु अनेक समस्याहरू थिए। गाउँमा खानेपानी टाढा थियो। बाटो त गोरेटो नै हो।"

त्यतिखेर आम्दानीको स्रोत के थियो ? आफ्नो उत्पादनले खान पुग्थ्यो कि ? गाईवस्तु पाल्नु भएको थियो ? अर्को थान प्रश्न। "आफ्नो घरमा भएको अन्नपात बेचेर मात्र पैसाको मुख देख्न पाइन्थ्यो। कोदो, मकै कम बिक्थ्यो किनभने सबैको घरमा हुन्थ्यो। गाउँभरि मानिस थिए। कसैको जमिन बाँझो थिएन। आफ्नो जग्गा नभए अधिया वा ठेक्कामा पनि कृषि गर्ने चलन थियो। आफूले खान अन्न किन्नु पर्दैनथ्यो तर धान बेच्न टाढा जानु पर्थ्यो। नाड्लेभारेको बाटो साखु पुऱ्याउन मुरीका धोक्रा बोकेर बुवा रातारात हिँड्नु भएको झल्को छ। जेहोस्, गाडी पुग्ने ठाउँमा धान बिक्थ्यो। घर फर्कदा मल र नुनको भारी बोक्नु पर्थ्यो। यस हिसाबले गाउँको नियति ओहोरदोहोरमै भारी हुन्थ्यो। किसानका घरमा गाईवस्तु हुन्थे। कसैले कम पालेका हुन्थे भने कसैले बढी, फरक यति हो। पशुवस्तुको स्याहारमा केटाकेटीले खास ध्यान दिनुपर्थ्यो। तिनलाई घाँस र सोत्तरको व्यवस्था ठुलो जिम्मा थियो। आगो बाल्न दाउराको विकल्प थिएन।"

सिन्धुपाल्चोक-काठमाडौं टाढा होइन, छैन। सडकसञ्जाल नबन्दाको समयमा पनि ओहोरदोहोर अनेत्र हेरी त्यति कठिन भूगोल होइन। त्यहाँको धानको चामल भान्सामा प्रयोग गर्न नरम र रसिलो हुन्छ। माधव सरको भनाइ अनुसार बुवासहित दौतरीहरू धान बेच्न ३५/३६ जनाको समूहसँगै बाटो लाग्नु हुन्थ्यो अरे। जङ्गलको बाटोमा जङ्गली जनावरको भयबाट बच्न राति राको बालेर हिँड्नु हुन्थ्यो रे।

गाउँमा थुप्रै असुविधाहरू थिए तै पनि फक्रिएको सयपत्री झैँ मानिसको घनत्व थियो। समयक्रम वातावरण फरक भयो। गाउँमा मोटर बाटो गयो। बिजुली बत्ती पुग्यो। स्वास्थ्यचौकी र ठाउँ-ठाउँमा विद्यालय खुले। खानेपानीको पाइप घर-घरैजस्तो धारा जडान भए। यति हुँदाहुँदै पनि मानिसले आफ्नो थातथलो त्यागे। लाग्छ, लालीगुराँस टिप्न लम्के। मानवीय चेतनाको यो बाढीबारे तपाईको के धारणा छ ?

"यौटा त देखासेखी हो। एकपछि अर्को त्यसपछि अर्को गर्दै लर्कै घर छोड्दै गए। शहर बस्नेहरू दुई चार दिन (छुट्टीमा) गाउँ पुग्दा

त्यो मानिसको हाउभाउ र फरक लवजले पनि गाउँलाई प्रभाव पार्‍यो, यो दोस्रो कारण बन्यो। शहरले नक्कली गहना लगाए पनि गाउँले आँखाले सक्कली देखे, पत्याए। मुख्य कुरो त शहरमा मजदुर काम नै किन नहोस्, दिनभरि खटेपछि साँझ नगद हात पर्‍यो। उता, खेती किसानको कथा असारमा रोपाइ हुन्छ, मंसिरमा धान पाक्छ। तब मात्र फल हात पर्छ। पैसाको मुख देख्न त्यो धान बिक्री हुनु परो। कहिले असिनापानीले खलाबाट उठाउनै दिदैन। त्यसो त आकाशे वर्षात्को भरमा रोपाइ गर्नुपर्ने बाध्यता छँदैछ। कुनै साल समयमा पानी पर्दैन। कुखुरा र खसीबोकाबाट हुने आम्दानी गर्न पशुपंक्षीहरू बढ्नु परो। यथार्थ कुरो अहिलेका मानिसमा मिहिनेत गर्ने बानी हरायो। अर्को, धैर्यता पनि छैन।" ग्रामीण परिवेशबारे निकै महत्वपूर्ण जानकारी गराउनु भयो, चालिसे सरले।

शहरमा एकोहोरो काम गर्दा भयो। व्यापारमा लाग्नेहरू व्यापारतिरै हुन्छन्। जागिरेहरू जागिरकै सुरमा हिँड्छन्। जहाँसुकैका मानिस सुविधामुखी भए। वर्तमान समयमा आकर्षणको केन्द्र चिया पसल भएका छन्। नयाँ खुलेका पसलमा सजावट त छ नै त्यही अनुसार कर्मचारी छन्। च्याउसरी चिया व्यापारबाट त्यत्रो के फाइदा छ? जसले नोकरी दिएका छन्।

"हामी श्रीमान् श्रीमतीले चिया बेचेको १६ वर्ष भयो। हाम्रो एउटा छोरो छ, ऊ यतिबेला जापानमा पढ्दै रोजगार पनि गर्दै छ। चार वर्ष अघिको कुरो हो, व्याचलर दोस्रो वर्षको विद्यार्थीलाई थाम्न सकिएन। १६ लाख लाग्यो उसलाई त्यता उडाउन। पहिला त अष्ट्रेलिया जाने कुरो थियो। मैले सुनेअनुसार त्यता पुगेकाहरू नेपाल फर्कदैनन्। छोराले के सोच्यो आफैं मन बदल्यो र जापान गयो। हाम्रो एक्लो सन्तान केही वर्षपछि ऊ नेपाल फर्कन्छ भन्ने विश्वासमा छौं।"

पुराण, बिहे र पूजाआजा कोटेश्वर महादेवस्थान मन्दिर परिसरमा औपचारिक अनौपचारिक विविध कार्यक्रम भइरहेका हुन्छन्। जुन किसिमको कार्यक्रम होस्, माधव सरको चिया व्यापार अपार हुन्छ। आफ्नो माग अनुसार समयमा टक्क मिठो चिया पुर्‍याउनु हुन्छ। उहाँहरू श्रीमान् श्रीमती नै मिहिनेती र सरल हुनुहुन्छ। व्यापार भनेको लगाव पनि हो। मनैदेखि गरेको लगावले मानव मनमा एक प्रकारको छाप बनाउछ, त्यही छापको कारण दोहोर्‍याएर तेहर्‍याएर र स्थायी रुपमा चिया पिउनेहरू हुनुहुन्छ। यहाँ नास्ता पनि पाइन्छ? मैले प्रश्न गरैं। "बन्छ, हाम्रोमा पाक्ने नास्ता चाउचाउ, चना र चाउमिन हो। पहिला अर्डरमा खाना पनि पकाउथ्यौं।"

आफ्नो फाइदाको लागि समाज बिगार्ने काम त भइरहेको छैन? यस पङ्तिकारको प्रश्न हो। अघि-अघिका दिनमा पार्कीतिर बसेर र लुकेर चुरोट तान्ने जमात यतिबेला चिया पसलमा भेटिन्छन्। अरु त अरु घरमा चिया नपिउने युवा पनि चिया पसल पुगेका धेरै उदाहरण छन्। महँगो सटरभित्र डिजाइन-डिजाइनका सोफा व्यवस्था गरिएको छ। यथार्थ त चिया पिउनकै लागि पुगेका सर्वसाधारण चुरोटको गन्धले बाहिर निस्कनु पर्ने स्थितिको भुक्तभोगी म आफैं भएकी छु। हो, भन्नको लागि चिया पसल तर त्यसको वास्तविकतामा राज्यको आँखा कहिले पुग्ने हो?

"यहाँ एउटा नागरिकलाई हुर्काउन, बढाएर पढाएर योग्य बनाउन राज्यको समेत लगानी परेको हुन्छ। विदेश नजानु भन्ने कुरो हैन तर त्यताबाट सिकेको सीप, अनुभव र पुँजी लिएर घरदेश फर्कनु राम्रो हुन्छ। मेरो ख्यालमा विदेश जानु भनेको परिश्रम गर्न सिक्नु पनि हो। म मलेशिया गएको थिएँ। तीन वर्ष बसेर फर्किएँ। पैसाको भाउ धेरै थिएन तै पनि नेपाली पाँच लाख कमाएँ। उता, मलाई सन्चो भएन।" बिहेपछि कै यात्रा रहेछ, माधव सरले नलुकाइ भन्नु भयो।

> ❝ पुराना दललाई स्वाद चखाउन आएको सरकार हो, पहिलाको भन्दा राम्रो गर्ला कि ? समय पर्खिनु पर्छ, अहिले त बच्चा नै छ ।

"मान्छे, चिन्न सकिँदैन रैछ। खाद्यय बिक्री पसल भए उधारो दिने, नदिने उपाय लगाउन सकिन्थ्यो तर हाम्रो व्यापार भनेको पहिला खाने अनि पैसा तिर्ने। कतिले इमान गुमाउन चाहदैनन्, आज नभए भोलि तिर्छन्। कति खाइसकेपछि लुकेर हिँड्छन्। बाटै बदल्नेसँग त कसको के लाग्छ? प्रविधिको सजिलो क्युआर गरिदिन्छु भन्छन्, आफू पनि कतै व्यस्त भएको बेला पैसा पास भो भनेर राइट देखाएर जान्छन् तर भरे हेर्दा पूरा रकम हालिदिएकै हुँदैनन्। खोजौं सोधौं कहाँ? चित्त बुझाउने बाटो एक बोरा आलुमा केही बिग्रिन्छन्!" साह्रै मिठो र चोटिलो अनुभव बाढ्नु भयो।

यहाँ खर्चको हिसाब यो सटरको १० हजार भाडा छ। दुई-दुई वर्षमा बढ्छ। कोठाको पनि तिर्नु परो। भनौं, महिनाको २२ हजार भाडा बापत जान्छ।" मेलम्चीजस्तै रसिला माधव सरलाई कर्ममा पनि उत्तिकै पोख्त देखैं। पहिल्यैदेखि कोटेश्वर पानी चलाउन दुःख ठाउँ हो। आकाश वर्षिन पनि अल्छी गर्छ। यस प्रशंगमा कुरो हुँदै थियो, स्थायी रुपमा चिया चिउने ग्राहकको आगमन भयो।

"मिडियाको अर्ती सुनेर हो कि? चिनी नखाने जमात बढ्दै छन्। गुलियो खानै नमिल्नेहरूको तथ्य फरक भइगो। हाम्रोमा ७५ प्रतिशत दुध चिया बिक्दा २५ प्रतिशत कालो बिक्छ। दैनिक १ सय कप चिया खपत भइरहेको छ भने १० लिटर दूध सकिन्छ। यही व्यापारबाट भक्तपुरमा घडेरी किनेका छौं।"

काठमाडौं-मेलम्ची कत्तिको ओहोरदोहोर गर्नु हुन्छ? विदेश जाने युवाहरूको लागि के भन्नु हुन्छ? नेपालको राजनीति अर्थात् नयाँ सरकारबारे धारणा के छ? "गाउँमा आमा हुनुहुन्छ, भाइबुहारी छन्। घरीघरी पुग्नु पर्छ। परिवारको जेठोबाठोलाई व्यवहारले पनि थिचिर हेको हुन्छ। चाडपर्वमा अनिवार्य गाउँ गइन्छ, जान्छौं। तीतो सत्य यही गतिमा युवा पलायन हुनु भोलि यो देश खाली हुन्छ। यो वास्तविकता देशकै लागि विडम्बना हो! दैनिक १५ सय बढी युवा पलायन भैरहेका छन्, क वर्गको देशमा गएकाहरू फर्कदैनन्। खाडीमा ६० वर्ष उता श्रम गर्न पाइँदैन। हाम्रा गाउँघरमा मान्छेको अनुहार हेर्न चाडपर्व आउनु पर्छ। जहाँसम्म सरकारको कुरो छ, यो विकल्पमा आएको हो। मैले यति भनिरहदा विगतमा विकास नै नभएको चै हैन। भ्रष्टाचार बढी भएको सत्य हो।"

बिहान पाँच बजेदेखि आफ्नो व्यापारमा खट्नु हुन्छ, माधव दम्पती। माइती-ससुराली जान उपत्यका छोड्नु पर्दैन। आफूले जुन कर्म गर्नुभएको छ, जीवनसँग गुनासो नभएको बताउनु भयो। 'सादा जीवन उच्च विचार' धेरै कमाउन जमाउन खोज्दा कति मान्छे थप संकटमा परेका समाचार छन्। भनाइ नै छ, घाँटी हेरी हाड निल्नु! प्राकृतिक रुपमा मेलम्ची साँच्चै सुन्दर र रसिलो छ। त्यही सुन्दरताभित्र फक्रिनु भएका माधव वसन्त ऋतु हुन्!

उहाँले सशुल्क सेवा गर्नुभएको छ। त्यसको लागि घरबेटीलाई भाडा र सरकारलाई कर तिर्नुहुन्छ। हामी उपभोक्ता हौं, सेवा पाए वापत आभारी हुनुपर्छ किनभने उहाँ हाम्रो लागि अहोरात्र मिहिनेत गरिरहनु भएको छ। जाडो गर्मी नभनी खटिरहनु भएको छ, सशुल्क सेवा पनि चानचुने सेवा होइन। अन्त्यमा यो देश कुर्सीको मात्रै होइन। त्यो कुर्सीमा पुर्‍याउनेहरूको तागत र आशालाई किनारा नगरियोस्- सरकार! हामी सबै देशका सिपाही बन्ने हो भने कुर्सीकै मर्यादा र गरिमा बढ्छ। माधव सरकै शब्द- 'पुराना दललाई स्वाद चखाउन आएको सरकार हो, पहिलाको भन्दा राम्रो गर्ला कि? समय पर्खिनु पर्छ, अहिले त बच्चा नै छ!'

# सामाजिक सेवासँगै नीलकमलको १८औं वार्षिकोत्सव, रक्तदानदेखि छात्रवृत्तिसम्म



वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था नीलकमल ह्युमन रिसोर्स प्रा.लि. ले रक्तदान, आर्थिक सहयोग र छात्रवृत्तिजस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रम गर्दै आफ्नो १८औं वार्षिकोत्सव सम्पन्न गरेको छ।

सन् २००८ मा युवा व्यवसायीहरूको पहलमा स्थापना भएको नीलकमल ह्युमन रिसोर्स हाल नीलकमल ह्युमन ग्रुप अफ कम्पनीज अन्तर्गत सञ्चालित छ। कम्पनी विगत केही वर्षदेखि सबैभन्दा बढी कामदार वैदेशिक रोजगारीमा पठाउने संस्थामध्ये अग्रस्थानमा रहँदै आएको छ। आर्थिक वर्ष २०८२/८३ मा मात्रै कम्पनीले ४ हजार १६ जना नेपाली कामदारलाई वैदेशिक रोजगारीमा पठाएको जनाएको छ।

कम्पनीका अध्यक्ष मेघनाथ भूर्तेल, म्यानेजिङ डाइरेक्टर जयराम भूर्तेल, एक्जिक्युटिभ डाइरेक्टर अजय थापा, अपरेसन डाइरेक्टर सागर पौडेल र रिसोर्सिङ डाइरेक्टर जीवनाथ भूर्तेलको नेतृत्वमा कम्पनी सञ्चालन हुँदै आएको छ। अध्यक्ष भूर्तेल नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वमहासचिव समेत हुन्।

अध्यक्ष भूर्तेलले नेपाली युवायुवतीलाई खाडीका विभिन्न मुलुकमा आकर्षक सेवा-सुविधा र पारिश्रमिकसहितको रोजगारी उपलब्ध गराउन कम्पनी सफल भएको बताए। सिनामंगलस्थित प्रधान कार्यालयसँगै झापाको बिर्तामोड, महोत्तरीको बर्दिबास, चितवन, कास्कीको पोखरा र बाँकेको नेपालगञ्जमा शाखा कार्यालय सञ्चालनमा रहेका छन्। कम्पनीका विभिन्न कार्यालयमा २ सय ७० भन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन्।

वार्षिकोत्सवका अवसरमा वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका रमेशकुमार राजवंशी र सोममाया वाइवा लिम्बूका परिवारलाई आर्थिक सहयोग हस्तान्तरण गरिएको थियो। साथै, मृतक कामदारका सन्तानलाई कक्षा १२ सम्म अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने घोषणा पनि कम्पनीले गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले नीलकमलको सफल यात्राको प्रशंसा गर्दै आगामी दिनमा थप उन्नति र प्रगतिको शुभकामना व्यक्त गरे।

# २१औं वार्षिकोत्सवमा आकर्षण इन्टरनेशनलको रक्तदान




वैदेशिक रोजगार क्षेत्रमा दुई दशकभन्दा बढी समयदेखि सेवा दिँदै आएको आकर्षण इन्टरनेशनल प्रा. लि. ले आफ्नो २१औं वार्षिकोत्सव सामाजिक उत्तरदायित्वसँग जोड्दै रक्तदान कार्यक्रम आयोजना गरी मनाएको छ। कम्पनीले वार्षिकोत्सवका अवसरमा आफ्नो केन्द्रीय कार्यालयमा रक्तदान कार्यक्रम सञ्चालन गर्न'का साथै सुरक्षित, मर्यादित र नैतिक वैदेशिक रोजगारप्रतिको प्रतिबद्धता पुनः दोहोर्‍याएको हो।

कम्पनीले विगत २१ वर्षदेखि निष्पक्ष, पारदर्शी र जिम्मेवार वैदेशिक रोजगार सेवा प्रदान गर्दै हजारौं नेपाली युवालाई सुरक्षित रोजगारीका अवसर उपलब्ध गराएको छ। विश्वास, इमानदारी र व्यावसायिकतालाई आफ्नो सफलताको आधार बनाउँदै आएको कम्पनीले शून्य-शुल्क (जिरो कष्ट)र नैतिक (इथिकल) भर्ना प्रणालीमार्फत अन्तर्राष्ट्रिय रोजगार बजारमा छुट्टै पहिचान बनाउन सफल भएको जनाएको छ।

कम्पनीका अध्यक्ष विष्णु केसीले नेपाली श्रमिकलाई कुनै पनि प्रकारको आर्थिक शोषणबाट जोगाउँदै सुरक्षित र सम्मानजनक रोजगारीमा पठाउनु कम्पनीको मुख्य उद्देश्य रहेको बताए। "विशेषगरी मलेसियामा हामीले इथिकल र शून्य-शुल्क भर्ना प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिरहेका छौं। यसले नेपाली श्रमिक, रोजगारदाता र अन्तर्राष्ट्रिय साझेदारहरूको विश्वास जित्न सफल भएको छ," उनले भने "आगामी दिनमा पनि यही नीतिलाई अझ सुदृढ बनाउँदै सबै गन्तव्य मुलुकमा सम्भव भएसम्म नैतिक भर्ना प्रणाली विस्तार गर्ने हाम्रो प्रतिबद्धता छ।"

प्रवन्ध निर्देशक मिलन थापाले वार्षिकोत्सवलाई केवल औपचारिक समारोहमा सीमित नराखी सामाजिक सेवासँग जोड्ने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको बताए। "रक्तदान जीवनदान हो। संस्थाको वार्षिकोत्सवलाई सामाजिक उत्तरदायित्वसँग जोडेर मनाउनु हाम्रो संस्कार हो," उनले भने।

कम्पनीले आगामी दिनमा पनि उच्च नैतिक मापदण्ड कायम राख्दै सुरक्षित, मर्यादित र भरपर्दो वैदेशिक रोजगार सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

# राष्ट्रपतिदेखि मन्त्रीसम्म एनआरएनएको उच्चस्तरीय भेटवार्ता

## विश्व ज्ञान सम्मेलनदेखि एनआरएन ऐन संशोधनसम्म सरकार सकारात्मक




गैरआवासीय नेपाली संघ (एनआरएनए)ले विश्वभर रहेका नेपालीको ज्ञान, सीप, प्रविधि र लगानीलाई नेपालको विकाससँग जोड्ने उद्देश्यसहित आयोजना गर्न लागेको 'चौथो विश्व नेपाली ज्ञान सम्मेलन-२०२७' लाई राष्ट्रिय अभियानका रूपमा अघि बढाएको छ।

सोही अभियानअन्तर्गत संघले राष्ट्रपतिदेखि सरकारका प्रमुख मन्त्री तथा राष्ट्रिय योजना आयोगका नेतृत्वसँग उच्चस्तरीय भेटवार्ता गरी सम्मेलनको अवधारणापत्र प्रस्तुत गरेको छ। भेटवार्तामा सरकारले सम्मेलनलाई सहकार्य गर्ने, गैरआवासीय नेपालीसँग सम्बन्धित नीतिगत सुधार अघि बढाउने तथा लगानी र ज्ञान हस्तान्तरणलाई प्रोत्साहन गर्ने प्रतिबद्धता जनाएको छ।

यस अभियानको सबैभन्दा महत्वपूर्ण भेटका रूपमा राष्ट्रपतिसँग भएको शिष्टाचार भेटलाई लिइएको छ। एनआरएनएका उपाध्यक्ष तथा सीप, ज्ञान, प्रविधि तथा हस्तान्तरण विभाग प्रमुख डा. ज्ञानेन्द्र रेग्मी र उपमहासचिव कृष्ण पोखरेलले राष्ट्रपति निवासमा पुगेर विश्व ज्ञान सम्मेलन-२०२७ को अवधारणापत्र प्रस्तुत गर्दै सम्मेलनको उद्देश्य, तयारी र अपेक्षित उपलब्धिबारे जानकारी गराएका थिए।

भेटका क्रममा राष्ट्रपतिले विश्वभर रहेका नेपाली विज्ञ, वैज्ञानिक तथा दक्ष जनशक्तिलाई एउटै मञ्चमा ल्याएर ज्ञान, सीप र अनुभवको आदान-प्रदान गर्ने उद्देश्यसहित आयोजना हुन लागेको सम्मेलनको प्रशंसा गरे। उनले नेपालको समृद्धिका लागि विदेशबाट आउने पूँजीसँगै ज्ञान, सीप, प्रविधि र नवप्रवर्तनको लगानी पनि उत्तिकै महत्वपूर्ण रहेको उल्लेख गर्दै विदेशमा रहेका नेपालीहरूको बौद्धिक क्षमता र अनुभवलाई राष्ट्र निर्माणसँग प्रभावकारी रूपमा जोड्न सके नेपालले दीर्घकालीन रूपमा उल्लेखनीय उपलब्धि हासिल गर्न सक्ने विश्वास व्यक्त गरे।

राष्ट्रपतिले गैरआवासीय नेपाली समुदायले नेपालको आर्थिक, सामाजिक तथा बौद्धिक विकासमा अझ प्रभावकारी योगदान दिन सक्ने उल्लेख गर्दै सरकार, निजी क्षेत्र, शैक्षिक संस्था र प्रवासी नेपाली समुदायबीचको सहकार्यलाई थप सुदृढ बनाउन आवश्यक रहेको धारणा राखे। उनले विश्व ज्ञान सम्मेलनलाई त्यस दिशामा महत्वपूर्ण अभियानका रूपमा समेत व्याख्या गरे।

राष्ट्रपतिसँगको भेटपछि एनआरएनएले सरकारका विभिन्न मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग पनि उच्चस्तरीय संवादलाई निरन्तरता दिएको छ। डा. ज्ञानेन्द्र रेग्मी नेतृत्वको प्रतिनिधिमण्डलले अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमल्सिना, कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरी, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री शोभिता गौतम तथा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टसँग छुट्टाछुट्टै भेट गरी विश्व ज्ञान सम्मेलन-२०२७ को अवधारणापत्र प्रस्तुत गरेको थियो।

भेटवार्ताका क्रममा सरकारका तर्फबाट सम्मेलनलाई सफल बनाउन आवश्यक सहकार्य गर्ने, गैरआवासीय नेपालीको ज्ञान, सीप, प्रविधि र लगानीलाई राष्ट्रिय विकाससँग जोड्ने तथा आवश्यक नीतिगत सुधार अघि बढाउने प्रतिबद्धता व्यक्त गरिएको एनआरएनएले जनाएको छ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले विदेशमा रहेका नेपालीलाई नेपालमा लगानी गर्न थप सहज वातावरण सिर्जना गर्न सरकारले दोहोरो कर (डबल ट्याक्सेसन) प्रणाली हटाउने दिशामा आवश्यक प्रक्रिया अघि बढाएको जानकारी दिँदै विश्व ज्ञान सम्मेलन-२०२७ लाई सरकारी सहकार्य उपलब्ध गराइने प्रतिवद्धता जनाए।

परराष्ट्रमन्त्री शिशिर खनालले विश्वभर रहेका नेपाली विज्ञहरूको अनुभव नेपालका लागि महत्वपूर्ण सम्पत्ति भएको उल्लेख गर्दै सम्मेलनलाई सफल बनाउन सरकार सकारात्मक रहेको बताए। यस्ता सम्मेलनले नेपाल र विश्वभरका नेपालीबीच ज्ञान आदान-प्रदान र सहकार्य विस्तार गर्ने उनको विश्वास थियो।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमल्सिनासँग भएको भेटमा एआई, डिजिटल रूपान्तरण, ज्ञान तथा प्रविधि हस्तान्तरण, नवप्रवर्तन र लगानी प्रवर्द्धनका विषयमा विस्तृत छलफल भएको थियो। सम्मेलनलाई सरकार, निजी क्षेत्र, विश्वविद्यालय तथा विश्वभर रहेका नेपाली विज्ञबीच दीर्घकालीन सहकार्यको प्रभावकारी मञ्च बनाउने विषयमा दुवै पक्ष सकारात्मक देखिएका थिए।

कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीसँग भएको भेटमा आधुनिक कृषि, अनुसन्धान, प्रविधि हस्तान्तरण तथा उत्पादन वृद्धि अभियानमा विश्वभर रहेका नेपाली कृषि विज्ञलाई परिचालन गर्ने विषयमा सहकार्य गर्ने समझदारी बनेको छ। मन्त्री चौधरीले एनआरएनएको विश्वव्यापी सञ्जालमार्फत नेपाली कृषि वैज्ञानिकहरूको विवरण संकलन गरी सरकारसँग सहकार्य गर्न आग्रह गर्दै कृषि क्षेत्रमा नवप्रवर्तन भित्र्याउन यस्तो साझेदारी आवश्यक रहेको बताइन।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री शोभिता गौतमले गैरआवासीय नेपाली सम्बन्धी ऐनलाई पुस-माघभित्र संसदमा प्रस्तुत गर्ने तयारी भइरहेको जानकारी दिँदै एक पटकको नेपाली, सधैंको नेपाली भन्ने अवधारणाप्रति सरकार प्रतिबद्ध रहेको बताइन। उनले गैरआवासीय नेपालीका कानुनी तथा प्रशासनिक समस्या समाधान गर्न आवश्यक सुधार अघि बढाइने र लगानीमैत्री वातावरण निर्माणका लागि एनआरएनएसँग सहकार्य गरिने स्पष्ट पारिन।

प्रतिनिधिमण्डलले विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्री महावीर पुनसँग भेटवार्ता गरी चौथो विश्व नेपाली ज्ञान सम्मेलन-२०२७ को अवधारणापत्र प्रस्तुत गरेको थियो। नेपालमा अनुसन्धान, नवप्रवर्तन, प्रविधि विकास तथा ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्ने सरकारको अभियानमा विश्वभर रहेका नेपाली विज्ञ, वैज्ञानिक, अनुसन्धानकर्ता तथा उद्यमीहरूको ज्ञान, सीप र अनुभवलाई जोड्न सम्मेलनले महत्वपूर्ण योगदान पुर्‍याउन सक्ने विषयमा छलफल भएको थियो।

त्यसैगरी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टसँग भएको भेटमा विश्व ज्ञान सम्मेलनलाई राष्ट्रिय विकासका प्राथमिकतासँग प्रत्यक्ष जोड्ने विषयमा छलफल भएको थियो।

विगतका सम्मेलनका निष्कर्षलाई कार्यान्वयनमुखी बनाउँदै यसपटक सम्मेलनलाई समाधानमुखी मोडलमा सञ्चालन गर्ने योजना रहेको डा. रेग्मीले जानकारी दिए। उनका अनुसार सम्मेलनमा राष्ट्रिय प्राथमिकतासँग सम्बन्धित छ वटा विषयगत क्षेत्रमा केन्द्रित छलफल हुनेछ, जसले विश्वभर रहेका तीन लाखभन्दा बढी नेपाली विज्ञ, अनुसन्धानकर्ता, वैज्ञानिक, प्राविधिक, उद्यमी तथा पेशाकर्मीलाई नेपालका नीति निर्माता, विश्वविद्यालय, अनुसन्धान संस्था र निजी क्षेत्रसँग जोड्नेछ।

एनआरएनएको पछिल्लो उच्चस्तरीय कूटनीतिक पहलले विश्व नेपाली ज्ञान सम्मेलन-२०२७ लाई केवल एउटा सम्मेलनमा सीमित नराखी ज्ञान, प्रविधि, नवप्रवर्तन, लगानी र नीतिगत सुधारमार्फत नेपालको विकाससँग विश्वभर रहेका नेपालीलाई जोड्ने राष्ट्रिय अभियानका रूपमा स्थापित गर्ने संकेत दिएको छ। राष्ट्रपतिदेखि सरकारका प्रमुख मन्त्रालयसम्मबाट प्राप्त सकारात्मक प्रतिक्रियाले सम्मेलनको प्रभावकारिता अझ सशक्त बन्ने अपेक्षा गरिएको छ।

उक्त भेटवार्ताहरूमा एनआरएनएका उपाध्यक्ष तथा सीप, ज्ञान तथा प्रविधि हस्तान्तरण विभाग प्रमुख डा.रेग्मी, उपाध्यक्ष तथा गैरआवासीय नेपाली कल्याण विभाग प्रमुख एवं नागरिकता निरन्तरता समितिकी संयोजक रोजिना प्रधान राई, उपमहासचिव कृष्ण पोखरेल, महिला संयोजक रश्मी थापा, सहकोषाध्यक्ष गंगा खतिवडा, प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत तथा वरिष्ठ सञ्चार तथा वैदेशिक रोजगार अधिकृत इन्द्रलक्ष्मी घिमिरे सहभागी थिए।




# प्रवासी नेपाली पत्रकारिता र एनआरएनए अभियान राष्ट्र निर्माणको साझेदार : वरिष्ठ उपाध्यक्ष शेरचन

गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्का वरिष्ठ उपाध्यक्ष रोविन शेरचनले जापानको टोकियोमा सम्पन्न नेपाल पत्रकार महासंघको ग्लोबल सम्मेलनलाई प्रवासी नेपाली पत्रकारिता, विश्वभर रहेका नेपाली समुदाय र नेपालको राष्ट्रिय हितलाई जोड्ने महत्वपूर्ण मञ्चका रूपमा आफूले लिएको बताएका छन् ।

टोकियोमा सम्पन्न सम्मेलनप्रति प्रतिक्रिया व्यक्त गर्दै वरिष्ठ उपाध्यक्ष शेरचनले विदेशमा रहेका नेपालीको आवाज, समस्या, उपलब्धि तथा राष्ट्रिय हितका विषयलाई विश्वसामु प्रभावकारी रूपमा प्रस्तुत गर्न पत्रकारिताको भूमिका अझ जिम्मेवार, तथ्यपरक र प्रभावकारी बन्नुपर्ने आवश्यकता सम्मेलनले स्पष्ट रूपमा उजागर गरेको बताए ।

उनका अनुसार सम्मेलनमा प्रवासी नेपाली समुदायका समसामयिक मुद्दा, एनआरएनएको भूमिका, नेपालमा लगानीको सम्भावना, आर्थिक विकास, उद्यमशीलता तथा प्रवासी नेपालीको योगदानसँग सम्बन्धित विषयमा प्रस्तुत गरिएका खोजमूलक कार्यपत्र र गहन छलफलले आगामी दिनका लागि सकारात्मक मार्गनिर्देशन गरेको छ ।

शेरचनले अब एनआरएनएलाई केवल रेमिट्यान्स पठाउने संस्थाका रूपमा




मात्र नहेर्न आग्रह गर्दै विश्वभर छरिएका नेपालीको ज्ञान, सीप, पूँजी, प्रविधि र अनुभवलाई नेपालको विकाससँग जोड्ने अभियानमा संघ सक्रिय रूपमा अघि बढिरहेको बताए ।

उनले नेपालको आर्थिक समृद्धि, लगानी प्रवर्द्धन, रोजगारी सिर्जना र उद्यमशीलता विकासमा गैरआवासीय नेपालीको भूमिका दिनप्रतिदिन बढ्दै गएको उल्लेख गर्दै सरकार, निजी क्षेत्र, सञ्चारमाध्यम र प्रवासी नेपाली समुदायबीच अझ प्रभावकारी सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरे ।

उनले जापानमा सम्पन्न ग्लोबल सम्मेलनले सरकार, नेपाल पत्रकार महासंघ, गैरआवासीय नेपाली संघ र विश्वभर रहेका नेपाली समुदायबीच सहकार्य, समन्वय र हातेमालोलाई अझ सुदृढ बनाउने स्पष्ट सन्देश दिएको विश्वास व्यक्त गरे ।

उनले आगामी दिनमा प्रवासी नेपाली पत्रकारिता अझ सशक्त, मर्यादित र प्रभावकारी बन्दै जाने तथा एनआरएनए, सरकार र विश्वभर रहेका नेपाली समुदायबीचको सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने विश्वाससमेत व्यक्त गरेका छन् ।

नेपाल पत्रकार महासंघको ग्लोबल सम्मेलनले विदेशमा रहेका नेपाली पत्रकारहरूबीच अनुभव आदान-प्रदान, सहकार्य विस्तार तथा प्रवासी नेपाली समुदायका साझा सरोकारलाई अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी रूपमा उठान गर्ने प्रतिबद्धतालाई थप मजबुत बनाएको सहभागीहरूको निष्कर्ष रहेको छ ।

# एनआरएनए पूर्वअध्यक्ष शर्माद्वारा शौचालय हस्तान्तरण

गैरआवासीय नेपाली संघ (एनआरएनए) का पूर्वअध्यक्ष आरके शर्माले चितवनको भूमि प्रशासन कार्यालय (मालपोत) परिसरमा सार्वजनिक शौचालय पुनर्निर्माण गरेर हस्तान्तरण गरेका छन् । यसैगरी तातो चिसो पानी आउने मेसिन पनि कार्यालयलाई हस्तान्तरण गरेका छन् ।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको उपस्थितिमा एक कार्यक्रमकाबीच ती संरचनाहरू हस्तान्तरण गरिएको हो । लामो समयदेखि मालपोत कार्यालयमा आउने सेवाग्राहीहरूले शौचालय र स्वच्छ खानेपानीको अभावमा सास्ती खेप्दै आएका थिए । सेवाग्राहीको सोही समस्यालाई मध्यनजर गर्दै शर्माले व्यक्तिगत



पहलमा १० लाख रुपैयाँभन्दा बढीको लागतमा आधुनिक सार्वजनिक शौचालयको पुनर्निर्माण र तातो तथा चिसो पानी आउने मेसिन जडान गरिदिएका हुन् ।

हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सेवा ग्राहीको मर्म बुझेर गरिएको यस कार्यको प्रशंसा गरे । उनले भने, 'यहाँ खानेपानी र बाथरुमको व्यवस्थापन नहुँदा सेवाग्राहीले धेरै दुःख पाएको महसुस गरी हामीले गरेको आग्रहलाई स्वीकार गरेर उहाँले यो प्रबन्ध गरिदिनुभएको हो । यसका लागि हामी उहाँलाई धन्यवाद दिन्छौं ।'

सहयोगदाता आरके शर्माले आफ्नो गृह जिल्ला भएकाले चितवनको सामाजिक विकास र जनसेवाका काममा आफू सधैं तत्पर रहने बताए । उनले आगामी दिनमा पनि यस्ता सामाजिक कार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा स्थानीय तहका पदाधिकारी, कार्यालयका कर्मचारी र सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

## प्रवासी नेपालीलाई अर्थमन्त्रीले भने-

# 'ढुक्क हुनुहोस्, एक पटकको नेपाली, सधैँको नेपाली हौँ'



अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले 'एक पटकको नेपाली, सधैँको नेपाली' भन्ने सरकार र पार्टीको धारणामा विश्वस्त रहन प्रवासमा रहेका नेपालीहरूलाई आग्रह गरेका छन् ।

अस्ट्रेलियाका नेपाली युवा उद्यमीहरूद्वारा आयोजित एक सम्मेलनलाई भर्चुअल सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । 'एक पटकको नेपाली, सधैँको नेपाली हौँ भन्ने हाम्रो मान्यतामा हामी स्पष्ट छौँ । ढुक्क हुनुहोस्, एक पटकको नेपाली, सधैँको नेपाली हौँ' अर्थमन्त्री वाग्लेले भने । प्रवासमा रहेका नेपालीहरू सरकारको विकास र लगानी विस्तारका सद्भावना दूत भएको पनि उनको भनाइ छ ।

नेपालमा अविश्वसनीय जनमतबाट बनेको नयाँ सरकारले सुशासनको जग बसाल्न र आर्थिक विकासको ढोका फराकिलो बनाउन काम गरिरहेको र यसमा प्रवासमा रहेका नेपालीहरूको हातेमालो जरुरी भएको पनि अर्थमन्त्री वाग्लेले बताए ।

'सरकारले बितेका एक सय दिनमा गरेका कामहरू हेर्नुभयो भने हामी उच्च इमानदारीका साथ सुशासन, जनतालाई सरकारी सेवा सहज प्रदान गर्न र अर्थतन्त्रको जहाज मोड्नमा उल्लेखनीय सुरुवात गरेका छौँ,' अर्थमन्त्री वाग्लेले भने, 'सरकारको नेतृत्वदेखि मन्त्रीहरूसम्म सबैले उच्च नैति कताको कसीमा उभिएर काम गरिरहनुभएको छ । मेरिटोक्रेसी, नेतृत्वमा उच्च नैतिकता, भ्रष्टाचारमा शून्य सहनशीलता र अर्थतन्त्रको समुन्नतिका लागि आर्थिक राजकाजको जहाज मोड्ने कदमको थालनी पछिल्लो एक दशककै सुनौलो सुधारको सुरुवात हो ।'

बजेटमार्फत अर्थतन्त्रको पुनरुत्थानका लागि कर, राजस्व, बजेटको वितरणमा नयाँ सुरुवात तथा लगानीका नयाँ सम्भावनाका ढोका खोलेको भन्दै उनले प्रवासमा रहेका नेपालीहरूबाट नेपालमा लगानी भित्र्याउने अपेक्षा सरकारले गरेको बताए ।

नेपालबाट लगानीको प्रतिफल फिर्ता लैजान सरकारले सहजीकरण गर्ने भन्दै उनले आफ्नो वा विदेशी लगानी नेपाल ल्याउन पहलकदमी लिन अस्ट्रेलियामा रहेका नेपालीहरूलाई आग्रह गरे ।

'डायस्पोरालाई नेपालमा लगानी ल्याउन सहजीकरणको महत्त्वपूर्ण ढोकाहरू खोलिएका छन् । तपाईँहरू हाम्रो सद्भावना दूत हुनुहुन्छ । आफैँले कमाएको वैध र विदेशी लगानी नेपालमा ल्याउन तपाईँहरू सबैभन्दा राम्रो सहजकर्ता हो,' अर्थमन्त्रीले भने, 'हामीले सरकारका तर्फबाट एनआरएनए बन्ड, अफसोर बन्ड, वैकल्पिक वित्त परिचालन जस्ता रूपान्तरणकारी अवधारणा अघि सारेको नेपालमा तपाईँहरूको लगानी विस्तारका लागि हो ।'

सरकारी खाताभन्दा बाहिरबाट अर्थतन्त्रको पुनरुत्थानका लागि यो सहजीकरण गरिएको भन्दै उनले सरकारले थप के-के सहजीकरण गर्नुपर्छ, स्पष्टसँग भन्न पनि उनीहरूलाई आग्रह गरे ।

अस्ट्रेलियाको कुल जनसंख्याको एक प्रतिशत हाराहारीमा रहेका नेपालीहरू नेपालको समृद्धिका सम्पत्ति भएको भन्दै उनले देश बनाउने स्वार्थमा एक भएर हातेमालो गर्न पनि सबैलाई आग्रह गरे ।

# मलेसियाका नेपालीले राहदानी आफैँ राख्न पाउने

मलेसियामा कार्यरत नेपालीले अब राहदानी आफैँसँग राख्न पाउने भएका छन् । क्वालालम्पुरस्थित नेपाली राजदूतावासले एक सूचना जारी गर्दै अबदेखि सबै नेपाली नागरिकहरूलाई आफ्नो राहदानी (पासपोर्ट) आफैँसँग राख्न आग्रह गरेको छ ।

मलेसियाको प्रचलित कानूनको पालना गर्न र यात्राका क्रममा हुनसक्ने झन्झटबाट बच्न दूतावासले यो कदम चालेको हो ।

दूतावासले मलेसियाका सबै रोजगारदातालाई पनि आफ्ना नेपाली श्रमिकहरूको राहदानी उनीहरूकै साथमा रहने व्यवस्था मिलाउन र त्यसको सुनिश्चितता गर्न अनुरोध गरेको छ ।

कानूनले अनुमति दिएको अवस्था र श्रमिकको स्पष्ट सहमति भएको अवस्थामा बाहेक रोजगारदाताले श्रमिकको राहदानी आफ्नो नियन्त्रणमा राख्नु गैरकानूनी हुने छ । कुनै रोजगारदाता वा अन्य पक्षले श्रमिकको सहमति बिना राहदानी नियन्त्रणमा राखेमा दूतावासमा जानकारी गराउन भनिएको छ ।

# माछापुच्छ्रे बैंकको वरिष्ठ डीसीईओमा अर्याल र डीसीईओमा जमरकटेल





माछापुच्छ्रे बैंकको सञ्चालक समितिको बैठकले नायव प्रमुख कार्यकारी अधिकृत प्रसिद्ध राज अर्याललाई वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत (सिनियर डीसीईओ) पदमा तथा नायव महाप्रबन्धक सुभाष जमरकटेललाई नायव प्रमुख कार्यकारी अधिकृत (डीसीईओ) पदमा बढुवा गर्ने निर्णय गरेको छ।

काठमाडौं विश्वविद्यालयबाट व्यापार प्रशासन संकायमा स्नातकोतर गरेका अर्यालसँग कर्जा, ट्रेजरी तथा करेसपोन्डेन्ट बैंकिङ, शाखा सञ्चालन र लघुवित्त जस्ता विभिन्न बैंकिङ क्षेत्रमा करिब दुई दशकको अनुभव, ज्ञान तथा उत्कृष्ट नेतृत्व दक्षता रहेको छ। अर्याल यसअघि सिभिल बैंक, सनराइज बैंक र नेपाल इन्भेस्टमेन्ट बैंकमा समेत विभिन्न पदमा कार्यरत रही बैंकिङ क्षेत्रकै एक अनुभवी बैंकरका रूपमा परिचित छन्। वित्तीय तथा बैंकिङ क्षेत्रमा विशेषज्ञता हासिल गरेका जमरकटेल एक दक्ष तथा अनुभवी चार्टर्ड एकाउन्टेन्टका रूपमा परिचित छन्।

उनले इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ इन्डियाबाट चार्टर्ड एकाउन्टेन्सी तथा नेपालको त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन र कानुन विषयमा स्नातक तहको उपाधि हासिल गरेका छन्। उनले एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (एआईटी) थाइल्यान्डबाट बैंकिङ तथा फाइनान्स विषयमा प्रोफेसनल मास्टर्स डिग्री समेत हासिल गरेका छन्। अर्याल तथा जमरकटेल दुवै आफ्नो बैंकिङ करियरमा उल्लेखनीय व्यावसायिक उपलब्धि हासिल गर्दै बैंकिङ क्षेत्रका सक्षम, अनुभवी तथा सफल बैंकरका रूपमा रुपमा चिनिन्छन्।

# सिटी एक्सप्रेसको २०औं बार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम



सिटी एक्सप्रेस मनि ट्रान्सफर असार २७ गते १९ बसन्त पार गरेर २०औं वर्षमा प्रवेश गरेको छ।

सिटी एक्सप्रेसले २०औं वार्षिकोत्सवको अवसरमा केन्द्रीय कार्यालय प्रांगणमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो। "रक्तदान जीवनदान-हामी सबैको योगदान" भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा उल्लेख्य सहभागिता रहेको थियो।

साथै बार्षिकोत्सवको अवसरमा कम्पनीले बर्षको उत्कृष्ट कर्मचारीहरूलाई पुरस्कृत पनि गरेको थियो। उक्त कार्यक्रममा सिटी एक्सप्रेसका ब्राण्ड एम्बेसडर तथा चर्चित हास्य कलाकार जितु नेपालको पनि उपस्थिती रहेको थियो।

सिटी एक्सप्रेस मनि ट्रान्सफरले रेमिट्यान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १९ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ। सिटी एक्सप्रेस मनि ट्रान्सफरले सिटी पे वालेट मार्फत अनलाइन भुक्तानीको सेवा सुचारु गरेको छ साथै सिटी पे बाट रेमिटेन्स भुक्तानी पनि गर्न सकिन्छ।

# क्लासिक टेकको 'कनेक्ट फर इम्प्याक्ट' अभियान

देशकै अग्रणी तथा ठूलो इन्टरनेट सेवा प्रदायक कम्पनी क्लासिक टेकले 'प्रभावका लागि जोडौं (कनेक्ट फर इम्प्याक्ट)' भन्ने मूल नारासहित आफ्नो १७औं वार्षिकोत्सव मनाएको छ।

वार्षिकोत्सवका अवसरमा कम्पनीले गुणस्तरीय इन्टरनेट सेवा प्रदान गर्नुका साथै, प्रविधिमार्फत शिक्षा, रोजगारी र समावेशी विकासमा योगदान पुऱ्याउने प्रतिबद्धता दोहोऱ्याएको छ। कम्पनीका अनुसार 'कनेक्ट फर इम्प्याक्ट' अभियान सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राखेर




सकारात्मक परिवर्तन ल्याउने दीर्घकालीन अभियान हो।

यसअन्तर्गत क्लासिक टेकले नेपाल अपाङ्ग महिला संघसँग समावेशी रोजगारी प्रवर्द्धनका लागि समझदारीपत्रमा हस्ताक्षर गरेको छ। साथै, अनमोल चिल्ड्रेन डेभलप्मेन्ट होमलाई निःशुल्क उच्च गतिको इन्टरनेट सेवा र एक थान कम्प्युटर उपलब्ध गराएर बालबालिकाको डिजिटल शिक्षामा सहयोग गरेको जनाएको छ।

कम्पनीले ग्राहक, कर्मचारी, साझेदार तथा शुभेच्छुकप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि गुणस्तरीय सेवा र सामाजिक उत्तरदायित्वमार्फत समाजमा सकारात्मक प्रभाव सिर्जना गर्ने अभियानलाई निरन्तरता दिने जनाएको छ।

# साउदीबाट टिक्मोमार्फत आइएमई गर्दा अभिषेकले जिते बीवाईडीको विद्युतीय कार




साउदी अरेबियाबाट टिक्मोमार्फत आइएमई सेवा प्रयोग गरी नेपालमा रकम पठाउने विराटनगरका अभिषेक कालाखे तीले बम्पर उपहारस्वरूप बीवाईडी अटो-१ विद्युतीय (ईभी) कार जितेका छन्। काठमाडौंमा आयोजित कार्यक्रममा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले विजेता अभिषेक कालाखेतीको तर्फबाट उनकी श्रीमती कल्पना कालाखेतीलाई कारको साँचो हस्तान्तरण गरे।

कार्यक्रममा बोल्दै आइएमई लिमिटेडका अध्यक्ष हेमराज ढकालले वैदेशिक रोजगारीमा रहेका नेपालीले औपचारिक माध्यमबाट पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्रलाई मजबुत बनाउनुका साथै हजारौं परिवारको जीवनमा सकारात्मक परिवर्तन ल्याएको बताए। उनले आइएमई र टिक्मोले सञ्चालन गरेका यस्ता योजनाले सेवाग्राहीलाई सहज सेवा उपलब्ध गराउनुका साथै उनीहरूको परिश्रमको सम्मान गर्दै थप उत्साह प्रदान गर्ने विश्वास व्यक्त गरे।

आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दिवाकर पौडेलले विश्वका विभिन्न मुलुकमा रहेका नेपाली श्रमिकको भरोसालाई सुरक्षित र भरपर्दो रेमिट्यान्स सेवामार्फत परिवारसम्म पुर्‍याउन आइएमई निरन्तर प्रतिबद्ध रहेको बताए। उनले डिजिटल रेमिट्यान्स सेवाको विस्तारसँगै सेवाग्राहीलाई आकर्षक पुरस्कार योजनामार्फत प्रोत्साहन गर्ने नीति अघि बढाइएको जानकारी दिए।

आइएमई र टिक्मोको संयुक्त आयोजनामा सञ्चालन गरिएको 'साउदीबाट टिक्मोमार्फत आइएमई गरौं, उपहार जितौं' अभियान २०८२ पुस २१ देखि २०८३ असार १६ गतेसम्म सञ्चालन गरिएको थियो। अभियानको उद्देश्य साउदी अरेबियामा रहेका नेपालीलाई सुरक्षित, छिटो र औपचारिक डिजिटल माध्यमबाट नेपालमा रेमिट्यान्स पठाउन प्रोत्साहित गर्नुका साथै सेवाग्राहीलाई विभिन्न पुरस्कार उपलब्ध गराउनु रहेको कम्पनीले जनाएको छ।

अभियानको पहिलो चरण (५ जनवरीदेखि ३१ मार्च २०२६) मा १२ जना सेवाग्राहीले आइफोन १७ र दुई जनाले विद्युतीय स्कुटर प्राप्त गरेका थिए। दोस्रो चरण (५ अप्रिलदेखि ३, जुन २०२६) मा प्रत्येक हप्ता पाँच जना सेवाग्राहीलाई १०-१० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो। सोही अभियानअन्तर्गत बम्पर उपहारका रूपमा अभिषेक कालाखेतीले बीवाईडी अटो-१ ईभी कार जितेका हुन्।

यसैबीच, आइएमई र टिक्मोले नयाँ पुरस्कार योजना पनि सार्वजनिक गरेका छन्। १७ साउनदेखि १४ कात्तिक २०८३ सम्म सञ्चालन हुने योजनाअनुसार साउदी अरेबियाबाट टिक्मोमार्फत नेपाल पैसा पठाउने सेवाग्राहीमध्ये हरेक हप्ता दुई जनाले आफूले पठाएको रकमको दोब्बरसम्म, हरेक महिना दुई जनाले तेब्बरसम्म तथा बम्पर योजनाअन्तर्गत दुई जना भाग्यशाली विजेताले पाँच गुणासम्म रकम बराबरको पुरस्कार प्राप्त गर्ने अवसर पाउनेछन्।

कम्पनीका अनुसार नयाँ अभियानले साउदी अरेबियामा रहेका नेपालीलाई औपचारिक तथा डिजिटल रेमिट्यान्स सेवातर्फ थप आकर्षित गर्नुका साथै आइएमई र टिक्मोबीचको सहकार्यलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ।

# सबै प्रदेशमा एनएमबिको 'प्रदेश बचत खाता'

एनएमबि बैंक लिमिटेडले नेपालका सात वटै प्रदेशका लागि 'प्रदेश बचत खाता' योजना सुरु गरेको छ। देशका विभिन्न भागमा रहेका ग्राहकहरूको स्थानीय पहिचान र वित्तीय आवश्यकतालाई ध्यानमा राख्दै बैंकले यो नयाँ बचत योजना ल्याएको जनाएको छ। जसमा कोशी प्रदेशका लागि कोशी बचत खाता, मधेश प्रदेशका लागि मिथिला बचत खाता, बागमती प्रदेशका लागि बागमती बचत खाता, गण्डकी प्रदेशका लागि फेवा बचत खाता, लुम्बिनी प्रदेशका लागि बुद्ध भूमि बचत खाता, कर्णाली प्रदेशका लागि रारा बचत खाता र सुदूरपश्चिम प्रदेशका लागि खप्तड बचत खाता रहेका छन्।

बैंकका अनुसार डिजिटल बैंकिङ र बचतलाई प्रोत्साहन गर्न यस योजनामा धेरै आकर्षक सुविधाहरू समावेश गरिएका छन्। ग्राहकहरूले पहिलो वर्षका लागि निःशुल्क मोबाइल बैंकिङ, निःशुल्क इन्टरनेट बैंकिङ र निःशुल्क भिसा डेबिट कार्डका साथै पहिलो वर्षका लागि निःशुल्क डिम्याट र मेरोसेयर खाता दर्ता सुविधा र अन्य धेरै थप सुविधाहरू प्राप्त गर्नेछन्।

एनएमबि बैंकले हाल देशभरी १९८ शाखाहरू, १७६ एटिएमहरू र ९ एक्सटेन्सन काउन्टरहरूमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ।




# नबिल बैंक तीन प्रतिष्ठित अवार्डबाट सम्मानित

नबिल बैंक लिमिटेड विश्वस्तरमा प्रतिष्ठित तीन वटा अवार्डबाट सम्मानित भएको छ। बैंक युरोमनी अवार्ड्स् फर एक्सिलेन्सअन्तर्गत नेपाल्स बेस्ट बैंक, नेपाल्स बेस्ट बैंक फर ईएसजी र नेपाल्स बेस्ट बैंक फर एसएमईज् को उपाधिबाट सम्मानित भएको हो।

यी प्रतिष्ठित अवार्डहरूले नबिल बैंकको बलियो वित्तीय प्रदर्शन, डिजिटल रूपान्तरण, जिम्मेवार बैंकिङ अभ्यास र वातावरणीय, सामाजिक तथा सुशासनका प्राथमिकतालाई अगाडि बढाउँदै नेपालका साना तथा मझौला उद्यमहरूलाई सहयोग गर्न पुर्‍याएको महत्वपूर्ण योगदानको कदर गरेको बैंकले जनाएको छ।

नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिईओ) मनोजकुमार ज्ञवालीले प्रतिष्ठित अवार्डबाट बैंक सम्मानित हुन पाउँदा खुसी लागेको बताए।

उनले भने, "युरोमनीबाट प्राप्त यी प्रतिष्ठित सम्मानहरूले हामीलाई अत्यन्त गौरवान्वित बनाएको छ। यी सम्मानहरूले नवप्रवर्तन, दिगोपना र समावेशी आर्थिक विकासप्रति प्रतिबद्धतालाई थप बलियो बनाएका छन्। हामी आगामी दिनहरूमा पनि उत्कृष्ट बैंकिङ सेवा प्रदान गर्दै देशको आर्थिक समृद्धिमा योगदान पुर्‍याउन प्रतिबद्ध रहनेछौं।"

युरोमनी अवार्ड्स् फर एक्सिलेन्सलाई बैंकिङ क्षेत्रको सबैभन्दा प्रतिष्ठित अवार्डहरूमध्ये एक मानिन्छ। जसले नवप्रवर्तन, नेतृत्व र असाधारण कार्यसम्पादन मार्फत आफ्नो बजारमा प्रभाव पारेका संस्थाहरूलाई सम्मान गर्दछ। नेपाल्स बेस्ट बैंक उपाधिले नबिल बैंकको सुदृढ वित्तीय अवस्था, ग्राहक केन्द्रित नवप्रवर्तन, डिजिटल रूपान्तरणमा नेतृत्व तथा समग्र बैंकिङ उत्कृष्टतालाई मान्यता दिएको छ।

त्यसैगरी, नेपाल्स बेस्ट बैंक फर ईएसजी अवार्डले दिगो वित्त (सस्टेनेबल फाइनान्स), जिम्मेवार बैंकिङ अभ्यास, हरित वित्तीय लगानी, वित्तीय समावेशीकरण तथा सामाजिक उत्तरदायित्वका क्षेत्रमा बैंकले प्रदर्शन गरेको नेतृत्वलाई सम्मानित गरेको छ। नबिल बैंकले आफ्नो व्यावसायिक रणनीतिमा दिगोपनालाई केन्द्रमा राख्दै वातावरणीय तथा सामाजिक प्रभाव सिर्जना गर्ने विभिन्न पहलहरूलाई निरन्तर अघि बढाउँदै आएको छ।

यस्तै, 'नेपाल्स बेस्ट बैंक फर एसएमईज्' अवार्डले उद्यमशीलता प्रवर्द्धन, व्यवसाय विस्तार तथा आर्थिक गतिविधि सशक्तीकरणका लागि साना तथा मझौला उद्यमहरूलाई लक्षित वित्तीय सेवाहरू, कर्जाका विशेष योजना तथा परामर्शमूलक सेवाहरू उपलब्ध गराउन बैंकले खेलेको महत्वपूर्ण भूमिकालाई उजागर गरेको छ।

विगतका वर्षहरूमा नबिल बैंकले डिजिटल बैंकिङ, ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै, दिगो बैंकिङ अभ्यास तथा वित्तीय समावेशीकरणका क्षेत्रमा निरन्तर लगानी गर्दै बैंकिङ क्षेत्रमा नयाँ मानक स्थापित गरेको छ।

सुरक्षित र भरपर्दो वैदेशिक
रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.
GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

प्रधानमन्त्री कार्यालयलाई एनसेलको आग्रह :

# नवीकरणका शर्त र दूरसञ्चार नियमावली संशोधन पुनरावलोकन गर्न माग




निजी दूरसञ्चार सेवा प्रदायक एनसेल आजियाटा लिमिटेडले सरकारका निर्णय, अनुमतिपत्र नवीकरणमा लगाइएका शर्त तथा दूरसञ्चार नियमावलीमा गरिएको संशोधनलाई पुनरावलोकन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पुनः आग्रह गरेको छ। कम्पनीले प्रधानमन्त्री कार्यालयमा पत्र बुझाउँदै कानुनविपरीत भएका निर्णय र व्यवस्थाले विदेशी लगानी, दूरसञ्चार उद्योग तथा डिजिटल नेपालको लक्ष्यमा नकारात्मक असर परेको जनाएको छ।

एनसेलले यसअघि २०८२ साल पुष २३ गते प्रधानमन्त्री कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, उद्योग विभाग, नेपाल दूरसञ्चार प्राधिकरणलगायत निकायमा यिनै विषयमा पुनरावलोकनको माग गर्दै पत्र पठाएको भए पनि हालसम्म कुनै सुनुवाइ नभएकाले पुनः सरकार को ध्यानाकर्षण गराएको जनाएको छ। कम्पनीका अनुसार सर्वोच्च अदालतले सम्बन्धित निकायलाई कानुनअनुसार प्रक्रिया अघि बढाउन निर्देशन दिइसकेको अवस्थामा सरकारले समेत शीघ्र निर्णय लिनुपर्ने अवस्था रहेको छ।

पत्रमा कम्पनीले २०८० फागुन ६ गते मन्त्रिपरिषद्ले गरेको निर्णय, त्यसकै आधारमा नेपाल दूरसञ्चार प्राधिकरणले अनुमतिपत्र नवीकरण गर्दा लगाएका अतिरिक्त शर्त तथा पछि लागू गरिएको दूरसञ्चार नियमावली (दशौं संशोधन) २०८१ संविधान, दूरसञ्चार ऐन, कम्पनी ऐन र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको भावना विपरीत रहेको दाबी गरेको छ। कम्पनीका अनुसार यी निर्णयले शेयर स्वामित्व परिवर्तन गर्ने अधिकार, सम्पत्तिको हक तथा विदेशी लगानीकर्ताको विश्वासमा प्रत्यक्ष असर पुगेको छ ।

**शेयर कारोबारलाई कानुनी मान्यता दिन माग**

एनसेलले आजियाटा इन्भेष्टमेन्ट (यूके) र स्पेक्ट्रलाइट (यूके) बीच भएको शेयर कारोबारलाई कानुनी मान्यता दिनुपर्ने, मन्त्रिपरिषद्को निर्णय पुनरावलोकन गर्नुपर्ने तथा शेयर संरचना परिवर्तन गर्न नपाइने शर्त हटाउनुपर्ने माग गरेको छ। साथै, नवीकरण दस्तुरमा लगाइएको अतिरिक्त ब्याज हटाई नेपाल टेलिकमसरह समान व्यवहार गर्न पनि सरकारसँग आग्रह गरेको छ।

कम्पनीले दूरसञ्चार नियमावलीमा थप गरिएको नियम ७ क ऐनको मर्मविपरीत रहेको दाबी गर्दै उक्त व्यवस्था तत्काल खारेज गर्नुपर्ने माग पनि गरेको छ।

**'निर्णय नसच्चिए दूरसञ्चार क्षेत्रमा गम्भीर असर'**

एनसेलले विवादित निर्णय कायम रहे दूरसञ्चार सेवा, डिजिटल अर्थतन्त्र, विदेशी लगानी र उपभोक्तामा दीर्घकालीन असर पर्ने चेतावनी दिएको छ। कम्पनीका अनुसार अनुमतिपत्रको निरन्तरता सुनिश्चित नभए आधुनिक मोबाइल पूर्वाधार, फाइभजी विस्तार, डिजिटल सेवा तथा करोडौं सेवाग्राही प्रभावित हुन सक्छन्। विदेशी लगानीकर्तामा समेत नकारात्मक सन्देश जाने कम्पनीको दाबी छ।

**'नेपाली कम्पनी बन्न तयार छौँ'**

एनसेलले आफूलाई नेपाली स्वामित्व को कम्पनीमा रूपान्तरण गर्न समेत तयार रहेको जनाएको छ। कम्पनीका अनुसार हाल कायम रहेको नेपाली लगानीलाई ५० प्रतिशतभन्दा माथि पुऱ्याउने, सर्वसाधारणलाई प्राथमिक शेयर जारी गर्ने तथा नेपाली नागरिक र संस्थाको बहुमत स्वामित्व कायम गर्ने विकल्प सरकारसमक्ष प्रस्तुत गरिएको छ।

**३ खर्ब ७५ अर्ब राजस्व योगदान १ करोड ४० लाख ग्राहक**

कम्पनीले हालसम्म झण्डै ३ खर्ब ७५ अर्ब रुपैयाँ राजस्वमा योगदान गरेको, १ करोड ४० लाखभन्दा बढी ग्राहकलाई सेवा दिइरहेको तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा एक लाखभन्दा बढी रोजगारीसँग जोडिएको उल्लेख गरेको छ। कम्पनीका अनुसार अनुमतिपत्रको निरन्तरता सुनिश्चित हुनु उपभोक्ता, सरकार, डिजिटल अर्थतन्त्र तथा विदेशी लगानी सबैका लागि आवश्यक रहेको छ।

कम्पनीले सरकारले समयमै कानुनी तथा नीतिगत पुनरावलोकन गरी उपयुक्त निकास नदिए दूरसञ्चार सेवा, लगानीको वातावरण र डिजिटल नेपालको अभियानमा गम्भीर असर पर्न सक्ने चेतावनी दिएको छ।

# फेसबुकका ज्वाइँ

**उर्वशी बोली– 'आमा, तपाईंका नयाँ ज्वाइँ कतारमा भेटिए। अमेरिका, जापान, अष्ट्रेलिया ताकेको केही लागेन। मेरो कर्म कतारतिरै रैछ। बीस दिनदेखि कुरा निकै अघि बढ्यो। अर्को महिना ऊ आउँछ। अनि टीकोटालो गर्नुपर्ला आमा। यी ज्वाइँ पनि फेसबुकमै भेटिएका हुन् नि मेरी आमा।'**



युवराज नयाँघरे

आज आमा खुशी हुनुभो !

बिहान अगेनामा दाउरा ठोस्दा आमाले सोध्नुभएको थियो। उर्वशीले जे भनी, त्यो सुनेर आमा निकै खुशी हुनुभो।

जन्मिएका त पाँच जना हुन्। तर सबै मर्दा-मर्दा यै एउटी छोरी छ। त्यो पनि बेला-बेला निकै बिरामी हुन्छे।

उर्वशी र आमा मात्रै त छन् घरमा। बुबाले भारतीय सेनाबाट पेन्सन पकाउने बेला भयो। अब धेरै वर्ष छैन।

'आमा मेरो जापान बस्ने एउटा साथी छ। त्यसैसँग बिहे गर्नु पर्ला। ऊ काम पनि गर्दैछ। पढ्दै पनि छ। अबको हिउँदमा मलाई बोलाउँछु भनेको छ। त्यै भएर मैले पासपोर्ट पनि बनाउन दिएकी छु।'

उर्वशीले अरु थपी।

'जापान जानु ठूलो रहर थियो। वरिपरि समुद्रले घेरेको त्यो देशको चित्र मात्रै हेरेकी थिएँ- बल्ल पूरा हुने भयो। म गएको एक-दुई वर्षमै आमा-बुबालाई पनि बोलाइहाल्छु नि।'

'बरु आमा तपाईंको पनि पासपोर्ट बनाएर राख्नु पर्ला। पछि हतार हुन सक्छ। हतारमा गरिएको काम बिग्रिन सक्छ। आइतबार मलाई फुर्सद छ। गएर फोटो खिच्नु पर्ला है आमा।'

आमा उसका कुरा सुनेर निकै खुशी भइन्।

'तपाईंले जातभातको कुरा नगर्नु। मान्छे सबै एकै हो। कमाउने हुनु पर्‍यो। सज्जन हुनु पर्‍यो। ज्ञानी हुनु पर्‍यो। मुख्य कुरा- मलाई बुझ्ने हुनु पर्‍यो। आमाले यो कुरा बुझ्नु भयो नि ?'

उर्वशीले फरर्र भनी।

आमाले उसका कुरा मनमनै विचार गर्नु भो- 'यो विचार गरेर बोल्छे। पक्कै सबै कुरा राम्रा छन्। बुझेकालाई के बुझाइराख्नु पर्छ र ? ऊ जानेकी, पढेकी छ। उसका कुरालाई मैले थपक्क मानिदिए भैगयो त।'

आमाले दूध तताइरहनु भएको थियो। कालो कराईमा दूध भकभकी उम्लिरहेको थियो।

छोरीका कुराले आमा निकै रमाउनु भो मनमनै। कराईमा बाक्लो तर जमेको थियो - डाडुले सरक्क सोहोरेर उर्वशीको गिलासमा हालिदिनु भयो।

अनि भन्नु भयो- 'खा, छोरी। पछि तेरो घरमा यस्तो मौका काँ जुर्ला ?'

आमाका कुरा सुनेर उर्वशी मुसुक्क मुस्काई।

छ मैनापछि आमालाई निकै खसखस भयो। एकदिन बिहान भात पस्किँदा आमाले सोध्नु भयो- 'तेरो जापान जाने के भयो त छोरी ?'

'अब त बिहे नि गर्नु पर्छ। छोरी मान्छेले धेरै अबेरसम्म बस्नु हुँदैन। बिहे गरेर घरजम बसालेपछि सबै राम्रो हुन्छ। जापान जाने चाजोपाँजो मिलाई हाल। तेरो बुबा पनि एक मैनाको छुट्टीमा आउँदै हुनुहुन्छ।'

उर्वशीले आमाका कुरा ध्यान दिएर सुनी।

अलिकति दाल, अचार थप्न लगाई। गिलासको मोही स्वाट्टै पारी। अगाडि आएको कपाल कानतिर सिउरी।

अनि बोली- 'जापानको केटासँग कुरा मिलेन आमा। हामी अमेरिका जानु पर्छ। मेरो एउटा नयाँ साथी बनेको छ। दशैंतिर नेपाल आउँछ रे। अब बिहे पनि त्यसैसँग होला जस्तो छ।'

'अमेरिकाको केटाले कमाउन पनि धेरै कमाउँछ। जातपात पनि तपाईंको हिसाबले धेरै मिल्छ। अलिक हाइटको छ। मभन्दा निकै अग्लो छ। हामी सँगै हिँड्दा त चप्पल र हिल सँगसँगै हिँडेजस्तो हुन्छ होला आमा।'

उर्वशी खाना छाडेर बोल्न लागी।

'अमेरिकाको केटोको परिवारमा पनि थोरै छन्। जति थोरै भयो- ट्याकल गर्न सजिलो हुन्छ। नन्द, आमाजू, सासू, ससुरा, देवर यी सबैसँग व्यवहार गरिरहन अहिलेका केटीहरूलाई

मन पर्दैन नि आमा ।'

'यो पार्टनरसँग मेरो सबै कुरा ठीक होला जस्तो मैले ठानेकी छु । तीनदिन अघि मलाई एउटा गिफ्ट पठाएको छ । मलाई उसको नाम पाखुरामा खोप्न भन्छ आमा । अर्को हप्ता धरान जान्छु । त्यतै उसको नामको ट्याटु खोपेर फोटो खिचेर पठाइदिन्छु ।'

'दशैँदेखि सबै कुरा अगाडि बढ्छ । तपाईं पीर नमान्नु । म एकदमै विचार गरेर पाइला चाल्दैछु । आमाको अनुहार अझै उज्यालो होस् भन्ने मेरो चाहना छ । तपाईंलाई सुख दिन नै यो प्लान गर्दैं मैले ।'

उर्वशीले अलिकति अचार थपेर खाई ।

अनि बोली- 'अमेरिकामा बसेको केटोको ग्रीन कार्ड छँदै छ । उसलाई कुमारी केटी चाहिएको रहेछ । म चोखी, कुमारी परेँ । त्यसैले सबै कुरा हामी बीच मिलेको छ, आमा ।'

'अब दुई-चार महिनापछि नै मेरो जिन्दगी बेग्लै हुन्छ । छोरीको जीवन राम्रो हुनु भनेको- आमाको पनि त हो नि ।'

उर्वशीले यति सुनाएपछि आमाको अनुहार फेरि उज्यालो भयो ।

बुबा पनि आउनु भयो । हिउँदमा खेतबारी सम्याएर जानु भयो । रुखपात बढेका थिए- काँटछाँट गर्नुभयो ।

ब्यारेक फर्किने बेलामा सोध्नुभयो- 'तेरो बाहिर जाने के हुँदै छ छोरी ?'

उर्वशीले भनी- 'प्रोसेस हुन समय लाग्लाजस्तो छ बुबा । म खबर गर्छु नि । अहिले बुबा नपर्खनु, जानु । राम्रोसँग जानु है ।'

दशैं सकिएपछि जाडो पनि ह्वात्तै बढ्यो । आमाले ऊनको स्वीटरसँगै गलबन्दीले घाँटी बेर्नु भयो ।

टाउकोमा टोपी पनि अलिक ठूलै खालको थियो । बाक्लो पछ्यौरीले घ्वाप्पै छोपेर बिहान-बेलुकाको काम गर्नु हुन्थ्यो ।

पुस सकिएर माघ लागिसकेको थियो । बिहानैदेखि हुस्सुले वरपर सबै ढाकेको थियो । पानी पनि सिमसिमाइरहेको थियो । आमाले मकै भुटेर एक थाल आफूलाई, एक थाल उर्वशीलाई छुट्याउनु भो ।

आमा, छोरी सँगसँगै मकै चबाउन थाले मरङ-मरङ ।

'नानी, के भो तेरो अमेरिका जाने कुरो ? दशैं पनि गयो । केही चालचुल छैन । केमा कुरो अड्कियो ? केमा कुरो मिलेन ? अबेला भइसक्यो । लौन छोरी, कुरो छिटो मिलेकै राम्रो ।'

सुरुमा फुल मकै खुब खाई उर्वशीले । अनि एक फाँको ठेट्ना मकै हातमा लिई । अनि बिस्तारै एक-एक दाना चबाउन थाली ऊ ।

उर्वशी बोली- 'आमा, मेरो साथी अष्ट्रेलियामा छ अहिले । हामी त अब अष्ट्रेलिया पो गइएलाजस्तो छ । ऊसँग मेरो सिरियस कुरा भएको छ । ऊ पनि बुझिरहेको छ राम्रोसँग ।'



'यो केटो मभन्दा धेरै कुरामा पाको छ । उसले भनेको छ- बिहेजस्तो कुरा हतार नगरी अलिक आनन्दले र सबै परिस्थिति मिलाएर गर्नुपर्छ । उसको जब पनि अहिले शहरभन्दा अलिक परको गाउँमा छ रे ।'

'गाउँबाट शहरमा आएपछि उसले मेरो भिसाको काम अगाडि बढाउने भएको छ । असाध्यै गोरो र राम्रो छ यो केटो । जातभात त डजन्ट म्याटर आमा । अष्ट्रेलिया पुगेपछि सबै कुरा मिल्छ ।'

'तपाईं बरु सानिमा, ठूलीआमा र माइजूलाई भेट्न जाने भन्नु हुन्थ्यो । के भो कुरा । अब सबैतिर गएर भेटेर आउनु चाँडै ।'

'आमा, एक महिनामा त सबैतिरको भेटघाट सकिन्छ नि ?'

उर्वशीले नरोकिइकन फटाफट भनी ।

आमाले भन्नुभयो- 'एक महिना त लाग्छ छोरी । पहाडतिर सबैको घरमा पुग्नै पर्‍यो । एउटाको घर गयो- अर्काकोमा गएन भने मन दुखाउँछन् । ल, सबै कुरा चाँडोचाँडो मिला है ।'

बर्खाको पहिलो झर पानी दर्किएको बिहान आमा आउनुभयो पहाडबाट । एक महिना भनेको पूरै बाउन्न दिन लागेछ । आमाको कपाल पनि फुलेको देखियो । असारमा धानको बीउ रोपेर आजै त सकियो ।

घरमा तीन-चार दिनदेखि हराएकी उर्वशी एक्कासि देखापरी ।

आमाले सोध्नुभयो- 'छोरी कहाँ गएकी थिइस् । घरको बिजोग हेर । बाख्रा वस्तु भोकभोकै । कुकुर, बिरालो पनि भोकले मर्नै आँटेका ।'

एक छिन ऊ चुप लागिरही ।

आमाले चिउरा भुटेर ल्याइदिनु भयो । आँपको अचार पनि खाजासँगै हालिदिनु भयो । कचौरामा चिया पनि थपिदिनु भयो ।

'मेरो पासपोर्ट बिग्रेको थियो आमा । सच्चाउनुपर्ने थियो । त्यसका लागि चारपाँच ठाउँ जानु पर्‍यो । फेरि पैसा पनि चाहियो ।'

उर्वशीले चिउराको ठूलै गाँस हाली ।

आँपको ठूलो अचारको चानो मुखमा हालेर चुसी । अनि खुर्सानी पनि मरक्क टोकी । उसका आँखामा आँसु आए पिरोले ।

फेरि चिउरा खाई ।

अनुहार अलिक शान्त भयो- पिरो र अमिलोले । आमा भित्र पसेर बेलुकाको तर्कारी केलाउन नाङ्लोमा फर्सीका मुन्टा र गट्टा लिएर बस्नु भयो ।

आमा, छोरी फर्सीका मुन्टा केलाउन थाले ।

उर्वशी बोली- 'आमा, तपाईंका नयाँ ज्वाइँ कतारमा भेटिए । अमेरिका, जापान, अष्ट्रेलिया ताकेको केही लागेन । मेरो कर्म कतारतिरै रैछ । बीस दिनदेखि कुरा निकै अघि बढ्यो । अर्को महिना ऊ आउँछ । अनि टीकोटालो गर्नुपर्ला आमा । यी ज्वाइँ पनि फेसबुकमै भेटिएका हुन् नि मेरी आमा ।'

रातोदिन कतार सुनेकी आमा- एकछिन अवाक् भइन् । तर सन्तानको खुशीमा उनी पनि चुपचाप मुस्काइन् ।

तर कानमा गुन्जिरहेथ्यो- अमेरिका, जापान, अष्ट्रेलिया... ।

के हाम्रो नयाँ पुस्ता अधैर्य हो ?

# अझै नचिन्ने भए तिनले

**ती मान्छेलाई म सांसद हुँ भन्ने नै लागेन। पुराना लुगा लगाएर घरको धुलो बढार्ने मान्छे के सांसद हुन्थ्यो ? आँगनभरि कुर्सी, कुर्सीभरि मान्छे, मान्छेहरूको बिचमा उपरखुट्टी लगाएर गफ लडाएको मान्छे पो हुन्छ सांसद। यस्तै छाप छ समाजमा। घरायसी कामदारजस्तो मान्छे सांसद हुन्छ भनेर कसरी अनुमान गरुन्।**



शम्भु सुस्केरा

त्रियासी साल साउनको ३ गते बिहान ११ बजे कनकाईको कोटीहोममा गाडिबाट उत्रिन्छु म। प्रकाश पाठकजी त्यही बसमा पूर्व राजगढतिर लाग्नुहुन्छ आफ्नो घर। वरपर उभिएका र पसलमा बसेका मानिसका आँखा मतिरै थिए। म अभिवादनको हात उठाउँछु।

त्यतिन्जेलमा एउटा महिला चालकले आफ्नो सिटी सफारी मेरो नजिक ल्याउँछिन्। त्यसैमा चढेर ओरालो लाग्छु म।

मेरो बेसारबारी अर्थात खेती घर शिवसताक्षी वडा नं. १० ट्याक्रा गाउँमा छ। सिटीवाला दिदीसँग गफ गर्दैगएँ। आफैँले भोट हालेको, चिनजान भएको सांसद नचिनेकोमा खिन्नबोध गरिन् तिनले। करिब ३ किलोमिटर यात्रामा, जीवन यापन, योग र राजनीतिका महत्वपूर्ण कुराकानी भए।

केही हप्ता मान्छे नबसेपछि घरभित्र छुचुन्द्रोको उपद्रब, मुसाको चर्तिकला हेरिनसक्नु हुन्छ। खेती घरमा झोला थन्क्याउँछु, फोहोर सरसफाइ गर्छु र नुहाइधुवाई गरेर मुलघर कनकाई वडा नम्बर १ को आमा घरमा जान्छु र खाना खाएर आराम गर्छु।

यस्तै सोचेर घर भित्र छिरेँ।

सोचेभन्दा बढी माकुराको जालो, ओछ्यानमा समेत छुचुन्द्राको गुहुले दुर्गन्ध, मुसाको मनपरी दिक्क लाग्दो थियो। झोला थन्क्याएर कुचो र खरेटो बोकेर बढारकुँडार गर्न थाले। भान्सा र सुत्ने कोठा सकेर बरण्डामा निस्केको थिएँ।

पुरानो ट्राउजर र टिसर्ट लगाएर धमाधम सरसफाइमा हातहरू चल्दै थिए। मन हिजोकै यादमा थियो। प्रकाशजी भन्दा केही अघि म कलङकी आइपुगेको थिएँ। पोलेको मकै प्रकाशजीलाई खुब मन पर्छ, म पनि रुचाउँछु। तर छेउछाउमा कतै पोलेको मकै देखिनँ। त्यसैले एक प्याकेट ठेट्ना मकै र एक प्याकेट भुटेको चना किनेँ।

केहीबेरमा प्रकाशजी पनि आइपुग्नुभयो, अग्नि बस पनि आइपुग्यो। र एकजना सानी नानीले पोलेका मकै पनि ल्याइन्। दुई घोगा मकै किन्यौँ। गाडि अघि बढ्यो।

नौबिसेमा खाजा खान गाडि रोक्यो। हामीलाई खाजा खानु थिएन। सडक किनाराको घाँसे भुइँमा एकछिन बस्यौँ।

केहीबेरमा फेरि यात्रा अघि बढ्यो।

बस चढेको लामो समय म जागै रहन सक्दिन। आखिर सुतेको पैसा लाग्ने पनि होइन, म निदाएँ।

ड्याम्म..........घररररर............. ठूलो डरलाग्दो आवाज आयो। भित्तामा वा डिभाइडरमा कतै गाडि ठोक्कायो र गाडि ओरालोतिर झर्दैछ, सायदै खोलैतिर होला। बस माथि कतै भिरमा अड्किने हो की तल खोलैमा झर्ने हो। पानीमै खस्यो भने के गर्ने ? कसैले देख्ला की नदेख्ला।

आ ! जे त होला। मर्न त मरिन्न गर्नु धेरै छ। जसरी तसरी बाँचिन्छ। अहिले मर्ने बेला पनि भएको छैन। छोरो पनि सानै छ। निर्वाचित भएर देशका लागि धेरै काम गरेको पनि छैन। कति छोटो समयमा यति धेरै सोचिएछ।

गाडि घ्याच्च ब्रेक लाग्यो। सडकमै ब्रेक लाग्यो की सडक किनारा वा बगरमा थाहा भएन। गोजीबाट मोबाइल निकालेर हेरेँ बेलुकीको आठ बजेर पन्ध्र मिनेट भएको रहेछ।

ड्राईभर क्याबिन पछाडिको पहिलो सिटमा थियौँ हामी। सिटबाटै पछाडी र दाहिनेतिर हेरेँ। सबै अलमल्ल थिएँ। झ्यालको सिसाबाट बाहिर हेरेँ निशपट्ट अँध्यारो छ। सिटबाट उठेर ढोकातिर गएँ। परिचालक ढोकै छेउमा उभिएको छ। ड्राइभर स्टेयरिङमा छैन।

खै झरौँ न भाइ। म बोलेँ।

ढोका खुले पो झर्नुहुन्छ। अलि रिसाएझैँ गरी परिचालकले जवाफ दियो।

के भएको हो ? मैले फेरि सोधेँ ।

माथिबाट हात्ती जत्रो ढुङ्गो खसेर लाग्यो ढोका खुल्दैन चक्कामा पनि डिस्टर्ब छ । उसले भनेपछि अगाडि हेरेँ । गाडि सडक किनारामै थियो । भिरबाट ठूलो ढुङ्गो झरेर अगाडि ढोका र चक्का छेउमा लागेपछि बस असन्तुलन भएछ । दाहिने छेउतिर गएको भए खोलामा खस्न पनि सक्थ्यो । बसको बिचभागमा लागेको भए यात्रुलाई लाग्थ्यो, जे पनि हुनसक्थ्यो । बस खोलामा झरेको भए को बाँचिन्थ्यो होला । चालकले बुद्धी र ढंग लगाएर भित्तातिरै च्यापेर रोक्न सकेछ । मनमनै चालक र ईश्वरलाई बराबरी धन्यावाद दिएँ ।

केहीबेर ठाकठाकठुकठुक पारेर गाडि अघि बढ्यो । नजिकै मुङ्गलिन रहेछ ढोका फोड्न लगाएर गाडिभित्रै राखियो र फेरि यात्रा अघि बढ्यो ।

हिजो त्यतै स्वाहा भइएको भए आज घर बढार्न के पाइन्थ्यो ? यस्तै थियो होला की मनमा कुरा । तीन जना मानिसहरू आँगनमा देखिए । आँगन के भन्नु, लामोलामो घाँसे मैदान ।

एकजना छिमेकी पदम मैनाली र अरु दुईजना अपरिचित ।

अपरिचित मध्ये एकजना किराँत, एकजना खसआर्य थिए ।

अलि पाका ती किराँत दाइले भने हाम्रो सांसद आक्छरे त हाउ ।

मैल उनीतिर हेरेँ । उनले मतिर हेरेँ । तिनैजनासँग पालैपालो आँखा जुधे मेरा । मैले पदम मैनाली दाइतिर हेरेँ । यही त हो सांसद भनेनन् उनले पनि ।

ए कहिले आएछ रे त ? मैले नै सोधेँ ।

आहिले आको भन्थ्यो हौ उत्याँ मास्तिर त सुनायो मलाई । लिम्बू दाइले स्पष्ट पारे ।

हो र ? आएछन् र ? भनेँ मैले ।

हो त आयो त भन्यो ढाँटेको त होइन



होला । उनले शंका गरे ।

ती मान्छेलाई म सांसद हुँ भन्न नै लागेन । पुराना लुगा लगाएर घरको धुलो बढार्ने मान्छे के सांसद हुन्थ्यो ? आँगनभरि कुर्सी, कुर्सीभरि मान्छे, मान्छेहरूको बिचमा उपरखुट्टी लगाएर गफ लडाएको मान्छे पो हुन्छ सांसद । यस्तै छाप छ समाजमा । घरायसी कामदारजस्तो मान्छे सांसद हुन्छ भनेर कसरी अनुमान गरुन् ।

दुईजना मान्छे निस्के । मैनाली दाइ बरण्डाको खाटमा बसे एकछिन । म निरन्तर सरसफाइमा लागेँ बरण्डाको कोठा छिर्दा त वान्ता आउलाझैं भयो छुचुन्द्राको गुहुको रास ओछ्यानभरी ।

तैपनि सफा गरिछाडेँ ।

भोक पनि धेरै लाग्यो । हतारहतार सरसफाइ गरेँ । नुहाइधुवाइ गरेँ । कपडा फेरेर अलेली सांसदजस्तो भएँ ।

र स्कुटर चढेर निस्केँ । पहिले अघिका मान्छेलाई भेट्छु त्यसपछि आमा घर गएर भात खान्छु । योजना यत्ति थियो । बाटोमा दुईमध्येका एकजना भेटिए । अटोवाला रहेछन् । खै अघि मलाई खोज्ने मान्छे ? मैले सोधेँ ।

खेततिर हुनुहुन्छ । उनले जवाफ दिए ।

कति टाढा हो ? मैले जान्न चाहेँ ।

उनले औँलाले पर माइखोलाको किनारतिर देखाए । स्कुटर जाने बाटो थिएन, भोकाएको शरीर यति लामो खेतको आली हिँडेर जाने आँट आएन । आकस्मिक पनि केही थिएन ।

अघि सांसद खोज्दै जानुभएको रहेछ भेट्न आएको थियो भनिदिनु है । मैले अनुरोध गरेँ । उनले हुन्छ भने ।

र म आमा घरतिर लागेँ जहाँ मेरो पेटको र ममताको भोक मेटिन्थ्यो ।



# स्वर, साधना र सफलताको यात्रामा प्राश्ना शाक्य



प्राश्ना त्यस्तै दुर्लभ स्वर हुन् जसले नेपाली संगीतलाई केवल लोकप्रिय गीतहरू मात्र दिएकी छैनन् एउटा युगलाई आफ्नै आवाजले चिनाउने अमिट सांगीतिक विरासत पनि दिएकी छन् ।



• हरिराम पौडेल

नेपाली सुगम तथा पप सङ्गीतको इतिहासमा केही यस्ता स्वर छन् जसले कुनै निश्चित समयलाई मात्र होइन पुस्तौँपुस्ताको स्मृतिलाई समेत आफ्नो मधुर गायनले बाँधेका छन् । तिनै स्वरहरूमध्ये प्राश्ना शाक्यको नाम अग्रपङ्क्तिमा आउँछ । वि.स. २०६० को दशकतिर रेडियो, टेलिभिजन र सांगीतिक मञ्चहरूमा बारम्बार गुञ्जिने गीत 'मलाई आवाज देऊ, म तिम्रो बन्न सकूँ' ले नेपाली सङ्गीतमा जुन तरङ्ग सिर्जना गऱ्यो त्यसको केन्द्रमा थियो प्राश्नाको सम्मोहक र सुमधुर स्वर । त्यसपछि उनी केवल लोकप्रिय गायिका मात्र रहिनन्, नेपाली आधुनिक गायनको एक विशिष्ट पहिचान बनिन् ।

मधुर स्वर, स्पष्ट उच्चारण, गीतको भावलाई आत्मसात् गर्ने अद्भुत क्षमता र शालीन व्यक्तित्वका कारण प्राश्नाले नेपाली श्रोताको मनमा स्थायी स्थान बनाएकी छिन् । उनी लोकप्रियताको क्षणिक चमकभन्दा कला, अनुशासन र निरन्तर साधनालाई बढी महत्व दिने कलाकारका रूपमा चिनिन्छिन्, त्यसैले उनको सांगीतिक यात्रा सफलताभन्दा बढी समर्पण, धैर्य र निरन्तरताको कथा बनेको छ ।

सङ्गीत र संस्कृतिको उर्वर भूमि धरानमा वैशाख १४ गते जन्मिएकी प्राश्नाका पिता बिनोद शाक्य र माता सुमित्रा शाक्य हुन्, यद्यपि उनको बाल्यकाल सामान्य पारिवारिक परिवेशमा बितेन । हजुरबुबा, हजुरआमाका आफ्नै छोरी नभएकाले उनीहरूले प्राश्नालाई आफ्नै छोरीसरह माया गर्दै हुर्काए । त्यसैले उनका बालस्मृतिमा आमाबुबाभन्दा बढी हजुरबुबा र हजुरआमाको स्नेह, संस्कार र संरक्षण गहिरिएर बसेको छ । जीवनका प्रारम्भिक मूल्य, अनुशासन, आत्मीयता र संवेदनशीलताको आधार उनले त्यही परिवारबाट प्राप्त गरिन् । कलाकारका रूपमा देखिने उनको विनम्रता र भावुकता पनि त्यही संस्कारको निरन्तरता हो ।

बाल्यकालमा उनको रुचि केवल सङ्गीतमा मात्र सीमित थिएन । परिवारले उनलाई खेलाडी बनाउन चाहन्थ्यो र उनी पनि खेलकुदमा उत्तिकै रुचि राख्थिन् र सक्रिय थिइन् । तर मनभित्र रेडियोबाट बज्ने गीत, धुन र स्वरले उनी भित्र एउटा फरक संसार निर्माण गरिरहेको थियो । उनी लुकीछिपी गीत गुनगुनाउँथिन्, रेडियोमा बज्ने गीतहरू पछ्याउँथिन् र आफ्नै स्वरमा ती गीतहरू दोहोऱ्याउँथिन् । यही अदृश्य आकर्षणले अन्ततः उनलाई खेल मैदानबाट सङ्गीतको संसारतर्फ डोऱ्यायो ।

१३ वर्षको सानै उमेरमा धरानमा आयोजित 'छिमेकी साँझ' नामक सांगीतिक कार्यक्रममा पहिलो पटक सार्वजनिक रूपमा गीत प्रस्तुत गर्ने अवसर उनले प्राप्त गरिन् । त्यो प्रस्तुति नै उनको सांगीतिक यात्राको पहिलो औपचारिक पाइला बन्यो । त्यसपछि उनले वरिष्ठ गायिका अरुणा लामा र तारादेवीका गीतहरू गाएर निरन्तर अभ्यास गरिन् । अरुणा लामा र तारादेवीका कालजयी गीतहरूको गायनबाट उनले स्वरको मिठास, भाव सम्प्रेषण र प्रस्तुतीकरणको गहिरो पाठ सिकिन् । आफ्नो प्रतिभालाई अझ परिस्कृत बनाउन उनले वरिष्ठ सङ्गीतकार दिव्य खालिडसँग औपचारिक सङ्गीत शिक्षा पनि हासिल गरिन् जसले उनको गायकीलाई थप परिपक्व र प्रभावशाली बनायो ।

विद्यालय शिक्षा धरानको विजयपुर बोर्डिङ हाई स्कुल र सेन्ट्रल बोर्डिङ हाई स्कुलबाट पूरा गरेपछि उनले काठमाडौंको बागबजारस्थित पद्मकन्या बहुमुखी क्याम्पस र भोटाहिटीको ललितकला क्याम्पसमा उच्च शिक्षा हासिल गरिन् । विद्यार्थी जीवनमा नृत्य र गायन दुवैमा उनको समान रुचि थियो तर समयसँगै उनले नृत्यलाई पछि छोड्दै गायनलाई जीवनको मूल साधना बनाउने निर्णय गरिन् । उनका लागि सङ्गीत केवल रोजगारी वा मनोरञ्जनको माध्यम होइन आत्माको गहिरो अभिव्यक्ति हो, त्यसैले आज पनि उनी निरन्तर सिक्ने, अभ्यास गर्ने र आफ्नो गायनलाई अझ परिष्कृत बनाउने प्रयत्नमा सक्रिय छिन् ।

सन् १९९९ मा उनको पहिलो एल्बम 'हाई हेल्लो' सार्वजनिक भयो, यसले उनलाई नेपाली सङ्गीतमा प्रवेश गरायो तर राष्ट्रिय स्तरमा चिनाउने काम भने रेडियो नेपाल र नेपाल टेलिभिजनका प्रतिष्ठित मञ्चहरूले गरे । सन् २००० मा रेडियो नेपालको 'अखिल नेपाल आधुनिक गीत प्रतियोगिता'मा उत्कृष्ट स्थान हासिल गरेपछि उनी प्रतिभाशाली नवगायिकाका रूपमा चिनिन थालिन् । त्यसलगत्तै नेपाल टेलिभिजनको चर्चित कार्यक्रम 'तिम्रो सुर मेरो गीत' मा प्रथम भएपछि उनको चर्चा देशभर फैलियो । यी दुई उपलब्धिले उनको सांगीतिक यात्रालाई नयाँ गति प्रदान गरे ।

सन् २००३ मा सार्वजनिक भएको दोस्रो एल्बम 'आवाज' प्राश्नाको जीवनको निर्णायक मोड बन्यो । यसै एल्बममा समावेश 'मलाई आवाज देऊ' बोलको गीतले उनलाई अभूतपूर्व लोकप्रियता दिलायो । भावपूर्ण शब्द, उत्कृष्ट सङ्गीत संयोजन र प्राश्नाको सुमधुर स्वरले यो गीतलाई नेपाली पप सङ्गीतको कालजयी सिर्जनामध्ये एक बनायो । यही गीतका लागि उनले प्रतिष्ठित हिट्स एफ.एम. म्युजिक अवार्ड अन्तर्गत 'बेस्ट फिमेल पप पर्फर्मेन्स' अवार्ड प्राप्त गरिन् । आज पनि यो गीत रेडियो, टेलिभिजन, डिजिटल प्लेटफर्म र सांगीतिक मञ्चहरूमा उत्तिकै रुचिका साथ बज्ने र सुन्ने गरिन्छ ।

'मलाई आवाज देऊ'पछि प्राश्नाले आफूलाई एउटै शैलीमा सीमित राखिनन् । आधुनिक, पप, लोकभावका गीतदेखि चलचित्रका पार्श्व गायनसम्म उनले आफ्नो स्वरको प्रभाव स्थापित गरिन् । 'गाउँले जीवन', 'बादल वर्षा बिजुली', 'प्रियतम' लगायतका गीतहरूले उनको गायन यात्रालाई थप उचाइ दिए, त्यस्तै कर्तव्य, सन्तान, मेरी आमा, फेरि अर्को साइनो, बगर र सासु बुहारी जस्ता नेपाली चलचित्रमा पनि उनको लोकप्रिय पार्श्व गायन रहेको छ । उनका गीतहरूको विशेषता भनेकै समय बित्दै जाँदा पनि तिनको लोकप्रियता नघट्नु हो । त्यसैले उनी नयाँ पुस्ताले पनि उत्तिकै रुचिका साथ सुन्ने सदाबहार गायिकाका रूपमा स्थापित छिन् ।

उनको स्वरको अर्को विशेषता भनेको बहुआयामिकता पनि हो । गीत जुनसुकै शैलीको किन नहोस्, त्यसको भावलाई आफ्नै शैलीमा आत्मसात् गरेर प्रस्तुत गर्ने क्षमता प्राश्नाको विशिष्ट पहिचान बनेको छ ।



उनी गीत गाउँदा केवल शब्द र धुनलाई स्वर दिँदिनन् गीतको भावलाई जीवन्त अनुभूतिमा रूपान्तरण गर्छिन् । यही कारण उनका गीतहरू सुनेपछि श्रोताले केवल सङ्गीत होइन एउटा अनुभूति महशुष गर्छन् ।

गायन सँगै प्राश्नाले सञ्चार क्षेत्रमा पनि उल्लेखनीय योगदान दिएकी छिन् । लामो समय इमेज एफ.एम. ९७.९ मा सांगीतिक कार्यक्रम सञ्चालन गर्दै उनले लाखौ श्रोतासँग आत्मीय सम्बन्ध स्थापित गरिन् भने नेपाली गीत, संगीत क्षेत्रका सयौ श्रष्टाहरूलाई आफ्नो कार्यक्रम मार्फत प्रस्फुटित र परिचित हुने अवसर पनि जुराइन् । अग्रज श्रष्टाहरूप्रति सम्मानयुक्त प्रस्तुति प्रस्तुत गरिन्, नेपाली गीत, संगीतको प्रचार, प्रसार गरिन् । उनको स्पष्ट, सुमधुर र प्रभावशाली प्रस्तुतिले रेडियो उद्घोषकका रूपमा पनि उनलाई विशिष्ट पहिचान दिलायो । कलाकार र सञ्चारकर्मी दुवै भूमिकालाई समान दक्षताका साथ निर्वाह गर्न सक्नु उनको बहुआयामिक व्यक्तित्वको अर्को बलियो पक्ष हो ।

उनको निरन्तरको सांगीतिक योगदानका लागि उनले हिट्स एफ.एम. म्युजिक अवार्डसँगै इमेज अवार्ड, म्युजिक खबर म्युजिक अवार्ड लगायत विभिन्न राष्ट्रिय अवार्ड तथा सम्मान प्राप्त गरेकी छिन् तर उनका लागि सबैभन्दा ठूलो पुरस्कार भनेको श्रोताको माया र विश्वास नै हो । समय परिवर्तनसँगै क्यासेटदेखि डिजिटल स्ट्रिमिङसम्म नेपाली सङ्गीतले लामो यात्रा तय गरेको छ । यस परिवर्तनलाई नजिकबाट अनुभव गरेकी प्राश्ना भने गुणस्तरीय गीतको मूल्य कहिल्यै समाप्त नहुने विश्वास व्यक्त गर्छिन् ।

जीवनका केही उतारचढाव र सांगीतिक यात्रामा आएको केही अन्तरालपछि पनि उनी पुनः उत्तिकै ऊर्जा र समर्पणका साथ सक्रिय छिन् । देश तथा विदेशका विभिन्न मञ्चहरूमा उनका प्रस्तुतिहरूले आज पनि दर्शकलाई मन्त्रमुग्ध बनाउँछन् । लोकप्रियताको कृत्रिम चमक र सस्तो प्रचारबाजीभन्दा टाढा रहेर आफ्नो कला र सिर्जनामै विश्वास गर्ने उनी नयाँ पुस्ताका कलाकारहरूका लागि प्रेरणाको स्रोत बनेकी छिन् ।

प्राश्नाको जीवन र सांगीतिक यात्रा हेर्दा स्पष्ट हुन्छ सफल कलाकार बन्न केवल राम्रो स्वर पर्याप्त हुँदैन त्यसका लागि अनुशासन, निरन्तर साधना, जीवनप्रतिको संवेदनशील दृष्टि र कलाप्रतिको इमानदार समर्पण आवश्यक हुन्छ, यही समर्पणले उनलाई नेपाली गीत, सङ्गीतको इतिहासमा विशिष्ट स्थान दिलाएको छ ।

समय बदलिन्छ, प्रविधि फेरिन्छ, नयाँ स्वरहरू थपिन्छन् तर केही स्वरहरू समयभन्दा माथि उठेर पुस्तौंसम्म गुञ्जिरहन्छन् । प्राश्ना त्यस्तै दुर्लभ स्वर हुन् जसले नेपाली सङ्गीतलाई केवल लोकप्रिय गीतहरू मात्र दिएकी छैनन् एउटा युगलाई आफ्नै आवाजले चिनाउने अमिट सांगीतिक विरासत पनि दिएकी छन् र नेपाली गीत, संगीतलाई अझ धेरै दिनेछिन् भन्ने आम, दर्शक, श्रोता र शुभचिन्तकहरूले विश्वास लिएका छन् ।

# जेबी डिसी 'विशेष कलाकार सम्मान-२०८३'बाट सम्मानित






नेपाली रंगमञ्च, रेडियो नाटक, टेलिचलचित्र तथा चलचित्र क्षेत्रमा लामो समयदेखि निरन्तर सक्रिय रहँदै अभिनय र निर्देशनमार्फत महत्वपूर्ण योगदान पुऱ्याएका वरिष्ठ कलाकार जे.बी. डी.सी. (जुद्धबहादुर डी.सी.) लाई एभर ग्रीन वर्ल्डवाइड इन्टरटेन्मेन्टले 'विशेष कलाकार सम्मान-२०८३' प्रदान गरेको छ।

संस्थाले आफ्नो १४औं वर्ष प्रवेशको अवसरमा आयोजना गरेको 'राष्ट्रिय व्यक्तित्व सम्मान तथा विविध सांस्कृतिक कार्यक्रम-२०८३' मा कलाकार डी.सी.लाई सम्मान गरेको हो।

दाङको घोराही उपमहानगरपालिका-१२ निवासी जे.बी.डी.सी. वि.सं. २०५४ सालदेखि नेपाली कला क्षेत्रमा सक्रिय छन्। उनले रंगमञ्च, रेडियो नाटक, टेलिचलचित्र, लघु चलचित्र तथा नेपाली चलचित्रमा प्रभावशाली अभिनय प्रस्तुत गर्नुका साथै सफल निर्देशकका रूपमा पनि आफ्नो छुट्टै पहिचान बनाएका छन्।

सम्मानपत्रमा उल्लेख गरिएअनुसार अभिनयकला, समर्पण, लगनशीलता र सिर्जनशीलतामार्फत उनले नेपाली कला-संस्कृतिको संरक्षण र प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याएका छन्। यही योगदानको उच्च मूल्याङ्कन गर्दै एभर ग्रीन वर्ल्डवाइड इन्टरटेन्मेन्टले उनलाई 'विशेष कलाकार सम्मान-२०८३' बाट सम्मानित गरेको जनाएको छ।

संस्थाले सम्मानले कलाकार डी.सी.को सिर्जनात्मक यात्रालाई थप ऊर्जा, प्रेरणा र उत्साह प्रदान गर्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि कला क्षेत्रमा निरन्तर योगदानको कामना गरेको छ।

यो सम्मानले जे.बी.डी.सी.ले दशकौँदेखि नेपाली कला क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको कदर गर्नुका साथै उनी नेपाली अभिनय र निर्देशन क्षेत्रमा स्थापित र सम्मानित व्यक्तित्व भएको पुनः पुष्टि गरेको छ।

# छिन्नलता गीत रचना पुरस्कार डा. लम्साललाई

यसवर्षको छिन्नलता गीत रचना पुरस्कार डा. नवराज लम्साललाई प्रदान गरिएको छ। छिन्नलता गीत पुरस्कार गुठीद्वारा काठमाडौंमा आयोजित कार्यक्रममा सभामुख डोलप्रसाद अर्यालले लम्साललाई सम्मानपत्र र नगद पुरस्कार प्रदान गरेका हुन्।

संगीततर्फ किरण कँडेललाई प्रदान गरिएको छ भने गायनतर्फको पुरस्कार बिमला राईलाई प्रदान गरिएको छ। साथै, युवा प्रतिभातर्फको छिन्नलता पुरस्कार गायिका सारिका घिमिरेलाई प्रदान गरिएको छ।

त्यस्तै, छिन्नलता गीत पुरस्कार गुठीले वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठलाई विशेष सम्मान गरेको थियो।

पुरस्कार वितरण कार्यक्रममा सभामुख अर्यालले सर्जक, रचनाकार र स्रष्टाहरूको



योगदानको कदर गर्दै उनीहरूलाई सम्मान गर्ने वातावरण बनाउनु राज्य र समाज दुवैको साझा दायित्व भएको बताए। नयाँ पुस्तामा नेपाली भाषा, मौलिक संस्कृति, संगीत र सिर्जनाप्रति रुचि जगाउनु आजको मुख्य आवश्यकता रहेको उनको भनाइ छ।

त्यस्तै, सभामुख अर्यालले अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक संसदीय समितिमा दफावार छलफलको क्रममा रहेको भन्दै यस विधयेकमा नेपालका विभिन्न जाति, भाषा, धर्म र समुदायका मौलिक परम्परा, ज्ञान, सीप, कला र सांस्कृतिक अभिव्यक्तिको संरक्षण, अभिलेखीकरण र प्रवर्धन गर्ने बिषय उल्लेख गरिएको जानकारी दिए।

सांस्कृतिक सम्पदाको गैरकानुनी वा उल्लङ्घनकारी प्रयोग रोक्न कानुनी कारबाही र दण्ड सजायको व्यवस्था समेत विधेयकमा उल्लेख रहेको उनको भनाइ छ।




## 'माया भनेकै यस्तो होला'को नयाँ पोस्टर सार्वजनिक

चलचित्र 'माया भनेकै यस्तो होला'को नयाँ पोस्टर सार्वजनिक भएको छ। मुख्य कलाकार अटाउँदै निर्माण टिमले चलचित्रको पोस्टर सार्वजनिक गरेको हो। पोस्टरको केन्द्रमा सिनेमाका नायक दील श्रेष्ठ छन्। उनी हल्दी डे मनाइरहेका छन्। उनको हल्दी डेमा मदनकृष्ण श्रेष्ठ, लक्ष्मी गिरी, सृष्टि श्रेष्ठ, नीति शाह, नम्रता श्रेष्ठ छन्। विवाहपूर्व मनाइने यो हल्दी डेमा उपस्थिति सबै प्रफुल्ल मुद्रामा छन्। हल्दी डेका लागि सजाइएको झकिझकाउ स्पेस र उपस्थितहरूको पहिरनले खानदानी परिवारको छोराको बिहे भइरहेको प्रस्ट पारेको छ। नम्राताको हातमा बधाईका लागि हुनेवाला दुलाहालाई दिन ल्याएको बुके छ।

मदनकृष्ण भने ह्विलचेयरमा छन्। यसले उनी शारीरिक रूपमा अशक्त रहेको देखाउँछ। पूर्ण पारिवारिक यो पोस्टरले सिनेमा फेमेली ड्रामा रहेको बताएको छ। पोस्टरले सपरिवार सिनेमा हेर्न हलमा आउन दर्शकलाई अपिल पनि गरेको छ।

अभिनेत्री रेखा थापाको निर्देशनमा निर्माण भएको यो चलचित्र भदौ २६ गते रिलिज हुँदैछ। हाल यो सिनेमा पोस्ट प्रोडक्सनको चरणमा छ। चलचित्र 'माया भनेकै यस्तो होला'मार्फत अभिनेत्री रेखा ८ वर्षपछि निर्देशनमा फर्किएकी हुन्। 'हिम्मतवाली' र 'मालिका' जस्ता सिनेमा निर्देशन गरिसकेकी उनको यो तेस्रो निर्देशकीय फिचर फिल्म हो।

निर्देशनमा केन्द्रित रेखाले यसपटक आफ्नै ब्यानर 'रेखा फिल्मस्'भन्दा बाहिर आएर चलचित्र निर्देशन गरेकी हुन्। 'दिया एण्ड अमु फिल्मस्'को ब्यानरमा निर्माण भएको यस चलचित्रमा मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठ, मिस नेपालहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाहको मुख्य भूमिका छ। विशेष भूमिकामा पूर्वमिस नेपाल उषा खड्गीको पनि अभिनय छ। यसैगरी चलचित्रमा लक्ष्मी गिरी, विशाल पहाडी, संगम भण्डारी, रवि डंगोल, सुनिता श्रेष्ठ र विनोद पौडेल लगायतको अभिनय छ।

'दिया एण्ड अमु फिल्मस्'को ब्यानरमा निर्माण भएको चलचित्रमा हरिनारायण श्रेष्ठ, मायादेवी श्रेष्ठ, नवराज श्रेष्ठ, जस्मिन श्रेष्ठ र प्रकाश श्रेष्ठ निर्माता छन्। यस चलचित्रले सुमधुर प्रेम कथाका माध्यमबाट सामाजिक भावना र परिवेशलाई उठान गर्नेछ। चलचित्रको पटकथा र लेखन ध्रुव लम्सालको रहेको छ।

जे देखियो

# कागजको सुविधा, ऋणको यात्रा !

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुग्ने हरेक पटक एउटा दृश्यले मलाई सधैं झस्काइरहन्छ। हातमा पासपोर्ट, काँधमा झोला र मनभरि सपना बोकेका सयौं नेपाली युवा विदेश उड्न लामबद्ध हुन्छन्। उनीहरूको अनुहारमा उत्साहभन्दा बढी चिन्ता देखिन्छ। मैले धेरैपटक उनीहरूसँग कुरा गरेको छु। एउटा प्रश्न सधैं सोध्छु– 'विदेश जान कति खर्च गर्नुभयो ?' अधिकांशले खुला रूपमा भन्न चाहँदैनन्। कसैले भन्छन्, 'दाइ, यो कुरा बाहिर नजाओस्, नत्र समस्या पर्ला।' कसैले मुस्कुराएर विषय टारिदिन्छन्। तर, उनीहरूको मौनताले नै धेरै कुरा बा`लिरहेको हुन्छ।

२०७२ सालदेखि नेपालमा 'फ्री भिसा, फ्री टिकट' नीति लागू भएको घोषणा गरियो। त्यसबेला धेरैले सोचेका थिए– अब श्रमिकले विदेश जान घर बेच्नुपर्ने, गहना धितो राख्नुपर्ने वा चर्को ब्याजमा ऋण लिनुपर्ने अवस्था अन्त्य हुन्छ। तर, एक दशक बित्न लाग्दा पनि अधिकांश श्रमिकको वास्तविकता भने फेरिएको छैन। नीति कागजमै सीमित रह्यो, व्यवहारमा भने श्रमिकको खर्च झन् महँगो बन्दै गयो।



उत्तमबाबु भट्टराई

मैले भेटेका धेरै श्रमिकले विदेश जानुअघि गाउँको साहुसँग ऋण लिएको, सहकारीबाट पैसा निकालेको वा परिवारको एकमात्र सम्पत्ति धितो राखेको सुनाएका छन्। विदेश पुग्नेबित्तिकै उनीहरूको पहिलो लक्ष्य सपना पूरा गर्नु होइन, ऋण तिर्नु हुन्छ। महिनौंको पसिना ऋणको किस्तामै सकिन्छ। त्यसपछि मात्रै परिवार र भविष्यबारे सोच्ने पालो आउँछ।

यही यथार्थका बीच सरकारले अब 'एम्प्लोयर पे' मोडेल पूर्ण रूपमा लागू गर्ने घोषणा गरेको छ। युवा, श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगार ऐन संशोधन गर्ने, भर्ना प्रक्रियालाई पूर्ण रूपमा डिजिटल बनाउने र रोजगारदाता कम्पनीले नै श्रमिकसँग सम्बन्धित खर्च बेहोर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाएको छ। यदि यो प्रभावकारी रूपमा लागू भयो भने नेपाली श्रमिकले वर्षौंदेखि भोग्दै आएको आर्थिक शोषण कम हुन सक्छ।

तर, विगतका अनुभवले मलाई सजिलै विश्वस्त हुन दिँदैन। किनभने नेपालमा राम्रो नीति बन्नेभन्दा पनि त्यसको कार्यान्वयन कमजोर हुने समस्या पुरानै हो। 'फ्री भिसा, फ्री टिकट' पनि राम्रो उद्देश्यका साथ आएको थियो, तर प्रभावकारी अनुगमन र कानुनी कार्यान्वयनको अभावमा त्यसले अपेक्षित परिणाम दिन सकेन। त्यसैले अहिले घोषणा गरिएको 'एम्प्लोयर पे' मोडेल पनि व्यवहारमा कति प्रभावकारी हुन्छ भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ।

मेरो अनुभवमा वैदेशिक रोजगारीको सबैभन्दा ठूलो पीडा विदेशमा होइन, विदेश जानुअघि सुरु हुन्छ। जब एउटा श्रमिक आफ्नो भविष्यका लागि ऋणको भारी बोकेर विमान चढ्न बाध्य हुन्छ, त्यहीँबाट उसको संघर्ष सुरु भइसकेको हुन्छ। यदि सरकारले साँच्चै श्रमिकको हित चाहेको हो भने नयाँ नीति घोषणा गरेर मात्र पुग्दैन, त्यसलाई कडाइका साथ कार्यान्वयन गर्ने साहस पनि देखाउनुपर्छ।

म अझै पनि आशावादी छु। तर यो आशा भाषण र घोषणाले होइन, श्रमिकको जीवनमा देखिने परिवर्तनले मात्रै बलियो बन्न सक्छ। जुन दिन नेपाली श्रमिकले विदेश जान आफ्नै घरको लालपूर्जा, आमाको गहना वा साहुको ऋणको सहारा लिनु नपर्ने अवस्था सिर्जना हुन्छ, त्यही दिन 'फ्री भिसा, फ्री टिकट' वा 'एम्प्लोयर पे' जस्ता नीतिले वास्तविक अर्थ पाउनेछन्। त्यो दिन वैदेशिक रोजगारी केवल रोजगारीको यात्रा हुनेछ, ऋण र ठगीको यात्रा होइन।

# सर्पको टोकाइबाट बचौ र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा वुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


IME २५ औं वार्षिकोत्सव
विदेशबाट पठाएको IME,
तपाईंको विश्वास र
हाम्रो जिम्मेवारी
विदेशबाट आइएमई गरेर पठाएको रकम Khalti Wallet, नेपालमा रहेको जुनसुकै बैंक खाता वा आइएमई काउन्टरबाट सजिलै प्राप्त गर्न सकिन्छ ।
IME®
International Money Express
Fast, Reliable And Secure Remittance
khalti
by IME

म.क्षे.हु.नि.द.नं. ७/०७०/७१

**HARDIK**
IVF and Fertility Center
Where Miracles Come to Life

# उच्च IVF सफलता दर

## सर्वोत्तम सफलताको सुनिश्चितताका लागि उचित हेरचाह



- International Standard IVF Center
- A-grade Pathology
- Experienced Doctors
- Personalized Care
- Advanced Technology

आजै हाम्रो बिशेषज्ञ डाक्टरहरुसंग
निःशुल्क परामर्शका लागी सम्पर्क राख्नुहोस ।

01-5971461, 5917982, 9802352811

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं